# अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन

विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

आंशिक आवश्यकता पूरा गर्नका लागि

तयार पारिएको

## शोधपत्र

शोधकर्ता :

रीत बहादुर भण्डारी

क्याम्पस क्रमाङ्क : ४७

परीक्षा क्रमाङ्कः २४०००४०

त्रि.वि.दर्ता नं. ७-१-२३९-३६९-९८

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

चैत्र, २०७०

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता रीतबहादुर भण्डारीले **अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागीता** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

स. प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७०-१२-२४ (7 April 2014)

# कृतज्ञता

**अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता** शिर्षकमा अध्ययन विषयवस्तु बनाई शोधपत्र तयार गर्नका लागी स्वीकृति दिई मेरो इच्छा र चाहना पुरा गर्न प्रोत्साहन दिनहुने श्री सप्तगण्डकी बहुमुखी क्याम्पसका श्रदेय गुरुवर्ग प्रति हृदयदेखिनै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस अध्ययन कार्यलाई प्रारम्भ देखि अन्तसम्ममा आफ्नो अमुल्य समय खर्च गरी व्यवहारिकता प्रदान गर्नका लागि आवश्यक सुपरीबेक्षण, मार्गनिर्देशन प्रदान गर्नहुने आदरणीय गुरु सहायक प्राध्यापक जयकृष्ण शर्माज्यू प्रति हृदयदेखिनै आभार ब्यक्त गर्न चाहन्छु । यस शोधकार्यका लागी उपयुक्त सल्लाह सुझाव प्रस्तुत गर्नहुने विभागीय उप. प्राध्यापक कुवेरनाथ शर्माज्यू प्रति आभार ब्यक्त गर्न चाहन्छु ।

आवश्यक सल्लाह सुझाव लगायत तथ्याङ्कहरु उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने शक्तिखोर श्रोतकेन्द्रका श्रोतब्यक्ति श्री उद्धवप्रसाद आश्चार्य , श्रोतकेन्द्र विद्यालयका प्र.अ. भानुभक्त पौडेल लगायत सम्पुर्ण अध्ययन छनोटमा परेका विद्यालयका प्र.अ. , शिक्षक-शिक्षिका , छात्र-छात्रा , अभिभावक एवम् कर्मचारी वर्गमा हृदयदेखि आभार ब्यक्त गर्न चाहन्छु ।

अन्तमा मलाई शिक्षाको ज्योति प्रदान गराइ यस अवस्थामा आइपुग्न मार्गदर्शन प्रदान गर्नुहुने मेरा चतुर्मुखी उ.मा.वि. तथा सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका गुरुजनप्रति आभार ब्यक्त गर्दै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याई अध्ययनको वातावरण सिर्जना गराईदिने जीवन संगिनी प्रमिसा लगायत भाषा शुद्धिकरणमा सहयोग पुऱ्याउनुहुने शिक्षक भानुभक्त पौडेल , कम्प्युटर टाइप एवम प्रिन्टीङ्ग गर्नु हुने  जीवनज्योति पुस्तकपसल शक्तिखोर ५ का प्रो. जिवन डि.सी. लगायत आवश्यक डिजाइनमा सहयोग गर्नहुने फोनेट कम्प्यूटर, की रञ्जना पौडेल न्यौपाने, सौरभ फोटोकपी  प्रति हार्दिकता प्रकट गर्न चाहन्छु । त्यसैगरी मलाइ यस अवस्था सम्म अध्ययन गर्न सौभाग्य प्रदान गर्नहुने मेरा पुजनिय बुवा-आमा , दाजु-भाउजु एवम् सम्पुर्ण परिवारजन प्रति सधै ऋणि रहनेछु

रीतबहादुर भण्डारी

# शोधसार

*प्रस्तुत अध्ययन **अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागीता** शीर्षकमा तयार पारिएको हो । यस अध्ययनको मुख्य उदेश्य अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था पहिचान गर्नु रहेको छ ।*

*यो अध्ययन परिमाणत्मक र गुणत्मक दुवै प्रकारको मिश्रीत ढाँचामा तयार गरिएको विश्लेषणात्मक अनुसन्धान हो । अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता , यसमा कमी ल्याउने तत्वहरु , विद्यार्थीको कक्षा छाड्ने दर , दोहोऱ्याउने दर , भर्नाको अवस्था जस्ता सुचाङ्कहरु यस अध्ययनमा संकलन गरिएको छ । नमुना छनौटका आधारमा चितवन जिल्लाको विकट शक्तिखोर गा.वि.स. अन्तर्गतको शक्तिखोर श्रोतकेन्द्रलाई छनौट गरी यस भित्रका ३ नि.मा.वि. र १ मा.वि.लाई प्रमुख अध्ययन क्षेत्र मानेर उद्देश्यमूलक प्रश्नावली अवलोकन, अन्तवार्ता, छलफलबाट प्राप्त आधारलाई प्राथमिक तथ्यांक संकलन गरिएको छ । , नमूनामा रहेका विद्यालयको अभिलेख , जि.शि.का.को अभिलेख , शिक्षा सम्बन्धि प्रतिवेदन तथा पाठ्यपुस्तकका जानकारीहरु , लेखरचनाहरु द्वितीय तथ्यांक संकलनका स्रोतहरु रहेका छन् ।*

*अतिरिक्त क्रियाकलाप बालबालिकाकालागि एक अनिवार्य एवम् अपरिहार्य विषय वस्तु भएकोले यस शीर्षकसँग सम्बन्धित विभिन्न विषयवस्तुहरु सम्बन्धी जानकारी संकलन गरी त्यसलाई व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । प्राप्त नतिजालाई सहजरुपमा प्रस्तुत गर्नका लागि विषयवस्तुसँग सम्बन्धित अर्थात् विषयवस्तुलाई आधार प्रदान गर्ने पक्षलाई स्पष्ट रुपमा व्यक्तगर्नका लागि संकेत चिन्ह, तालिकीकरण, प्रतिशतमा व्यक्त गर्ने प्रयास गरिएको छ । जसबाट प्राप्त नतिजालाई विषयवस्तुसँग जोड्ने प्रयास यस अध्ययनको रहेको छ ।*

*वर्तमान समयमा नेपाल सरकारले समेत अनिवार्य विषयवस्तुको रुपमा लिएको अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागीताको अवस्था बढाउने नीति अनुरुप सङ्कलित तथ्याङ्क विश्लेषणको आधारमा अध्ययन क्षेत्रका विद्यालयमा अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता ज्यादै न्युन (७.०८) प्रतिशत पाइयो । जसको मूख्य कारणको रुपमा , अभिभावकमा चेतनाको कमी ,*

भौगोलिक विकटता , गरिबी , कम उमेरमा विवाह , लाज संकोच मान्ने चलन घरायसी कामको बोझ , लैङ्गिक भेदभाव जस्ता कारले गर्दा विद्यालयको दैनिक उपस्थितिमा कमी आएको पाइयो । जसको प्रतिफल स्वरुप शैक्षिक उपलब्धी हासिल गर्न नसकी बिचमानै कक्षा छाड्ने , कक्षा दोहोऱ्याउने जस्ता प्रमुख समस्याहरु रहेको पाइयो । विद्यालयमा विद्यमान यसप्रकारका समस्याहरु रहेका छन् :  समाधान गर्न नेपाल सरकारले छात्रवृतिको ब्यवस्था गर्नुपर्ने , कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको ब्यवस्था गराउनुपर्ने , गरिब विद्यार्थीलाई होस्टलमा राख्नुपर्ने , शैक्षिक सामग्रीको ब्ययस्था गर्नुपर्ने अभिभावकमा जनचेतना जगाई रोजगारको ब्यवस्था गराउनुपर्ने , लैङ्गिक भेदभाव हटाउनुपर्ने जस्ता विषयवस्तुलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

# विषय सूची


पेज नं.

## परिच्छेद एक

**परिचय** १- ९

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ६
१.३ अध्ययनको औचित्य ७
१.४ अध्ययनको उद्देश्यहरु ८
१.५ अनुसन्धानात्मक प्रश्नहरु ८
१.६ अध्ययनको परिसीमा ९

## परिच्छेद दुई

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** १०-१६

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०
२.२ अध्ययनको सैद्धान्तिक खाका १४
२.३ पुनरावलोकनको उपादेयता १५

## परिच्छेद तीन

**अध्ययन विधि** १७-२०

३.१ अनुसन्धानात्मक ढाँचा 17
३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट 17
३.३ तथ्याङ्कको स्रोतहरु 18
३.४ तथ्याङ्क सङ्कलनका साधनहरु 19
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया 20
३.६ तथ्याङ्क विश्लेषण प्रकृया 20

## परिच्छेद चार

## नतिजाको छलफल २१-४६

४.१ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको स्थिति 21

४.१.१ जम्मा विद्यार्थी सम्बन्धी विवरण 24

४.१.२ अतिरिक्त क्रियाकलापमा छात्र छात्राको सहभागिता 27

४.१.४ अतिरिक्त क्रियाकलाप प्रति शिक्षकको धारणा 28

४.१.५ अतिरिक्त क्रियाकलाप प्रति अभिभावकको धारणा २९

४.२ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिमा कमि ल्याउने तत्वहरु ३०

४.२.१ विद्यार्थीको लाज संकोच गर्ने प्रवृति ३०

४.२.२ लैंगिक असमानता ३१

४.२.३ पोशाक ३१

४.२.४ अभिभावकको आर्थिक स्थिति ३२

४.२.५ साथी सङ्गत ३२

४.२.६ छात्राहरुको शिक्षा आर्जन प्रति सम्बन्धित निकायको दृष्टिकोण ३३

४.३ अतिरिक्त क्रियाकलापले शैक्षिक उपलब्धीमा गरेको प्रभाव ३४

४.३.१ विद्यार्थी भर्नाको अवस्था ३४

४.३.२ विद्यार्थीको कक्षा छाड्ने दर ३५

४.३.३ विद्यार्थीको कक्षा दोहोऱ्याउने दर ३६

४.३.४ विद्यार्थीको कक्षा उत्तीर्ण गर्ने दर ३७

४.३.५ अनुत्तीर्ण हुने विद्यार्थी संख्या ३९

४.४ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउने उपाय ४०

४.४.१ छात्रवृतिको व्यवस्था ४१

४.४.२ उच्च शैक्षिक संस्थामा आरक्षण ४१

४.४.३ अभिभावकहरुको लागि रोजगारको व्यवस्था ४२

४.४.४ शिक्षक र विद्यार्थीबीचको आपसी सम्बन्ध ४३

४.४.५ नेतृत्वदायी क्षमता ४४

४.४.६ पोशाक ४५

## परिच्छेद पाँच

**निष्कर्ष र सुझावहरु** ४७-५१

५.१ निष्कर्ष ४९

५.२ सुझावहरु ४९

५.२.१ नीतिगत तह ४९

५.२.२ कार्यान्वय तह ५०

५.२.३ अनुसन्धान तह ५१

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा विना विकासको कल्पना समेत गर्न सकिदैन, त्यसैले शिक्षालाई विकासको आधारशिलाको रुपमा लिइन्छ । शैक्षिक उपलब्धी हासिल गर्नका लागि बिद्यार्थीहरु किताबी किरो मात्र बनेर संभव छैन् यसका साथसाथै समूह,क्लब,विद्यालय प्रशासन लगायत विभिन्न पक्षले शिक्षाको अलवा संचालन गर्ने स-सना क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । जसले बालबालिकालाई किताबी ज्ञान बाहेक अन्य रुपबाट शरीर लगायत मस्तिष्कलाई स्वस्थ र फूर्तिलो बनाउन सहयोग पुऱ्याउँछ । त्यसैले एकातिर मनोरञ्जन प्राप्त हुने, अर्को तर्फ ब्यक्तिगत गुण तथा क्षमताको वृद्धि बिकास हुने भएकोले बालबालिकालाई खेल खेल्ने अवसर प्रदान गर्नु पर्दछ । खेल यस्तो माध्यम हो, जसको सहायताबाट बालबालिकाहरुमा जीवनपयोगी सीप तथा क्षमताको अभिवृद्धि गर्न सकिन्छ । स-साना वालबालिका काँचो माटो सरह हुन् , जसलाई जस्तो आकारमा पनि बदल्न  सकिन्छ । त्यस्तै बालबालिकाहरुमा नक्कल गर्ने सीप अत्यन्त बढी हुन्छ । कसैको नक्कल तथा अनुसरण गर्न उनीहरु खुब मन पराउछन् । यस किसिमको उनीहरुको स्वभावलाई खेलको नियमभित्र समेटेर अभ्यास गराउन सकियो भने स्वभाविक रुपमा उनीहरुको सिर्जनशील प्रतिभाको विकास गराउन सकिन्छ ।

विद्यालयको मुख्य लक्ष्य शैक्षिक क्रियाकलापमा विभिन्न माध्यमद्धारा विद्यार्थीहरुलाई सम्लग्न गराई उनीहरुको चौतर्फी विकास गराउनु हो । जसका लागि विद्यालयले विद्यार्थीहरुलाई विभिन्न किसिमका अनुभव तथा ज्ञानको आदान - प्रदान गर्नुपर्ने हुन्छ ।कक्षाकोठामा पुस्तकीय ज्ञानका साथै अतिरिक्त क्रियाकलापमा सहभागी गराउनुपर्ने तथ्यप्रति शिक्षाविद्हरु एकमत देखिन्छन् । यर्थाथतमा भन्ने हो भने, पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित परीक्षामात्र गरेर विद्यार्थीहरुको क्षमताको मूल्याङ्कन गर्न सकिदैन । विद्यार्थीको मौलिक तथा सिर्जनात्मक अभिब्यक्ति सीप र कलाको विकास गर्ने आधारशिलाको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ । वास्तवमा नेपालको शैक्षिक संरचनाभित्र अतिरिक्त क्रियाकलापलाई धेरै अगाडिदेखि संलग्न गराइँदै आएतापनि यसको प्रभावकारी विकास र प्रयोग गर्न सकिएको छैन । राष्ट्रिय शिक्षा पद्धतियोजना २०२८ ले अतिरिक्त क्रियाकलापलाई नीतिगत र संगठनात्मक रुपमा विकास गरे पश्चात् यसको कमिक सुधार भएको

मान्न सकिन्छ । त्यसपछिका प्रत्येक शिक्षा समिति तथा कार्यदलले अतिरिक्त क्रियाकलापलाई कुनै न कुनै माध्यमबाट पाठ्यक्रममा संलग्न गराई विद्यालय तथा उच्च शिक्षाको एक अभिन्न अंगको रुपमा समावेश गरेको पाइन्छ । तर , नीतिगत रुपमा अतिरिक्त क्रियाकलापलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा लिएतापनि यथार्थमा विभिन्न कारणले कार्यान्वयनको पक्ष कमजोर भएको देखिन्छ (सेरिड, २०६१) ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा जव वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना लागु भयो, यस योजनाले देशै भर एकै किसिमको शिक्षा पद्धति लागु गर्ने उदेश्य राख्यो । शिक्षा ऐनमा समेत विद्यालय तहमा अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप गर्नुपर्ने व्यवस्था उल्लेख छ । यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय आयोग २०५५ मा पनि विद्यालय तहमा अतिरिक्त क्रियाकलाप गर्नुपर्ने व्यवस्था उल्लेख छ (अतिरिक्त क्रियाकलाप दिग्दर्शन, २०६३) ।

सामान्य अर्थमा शिक्षकले कक्षाकोठामा किताबी विषयबस्तु पढाउने र विद्यार्थीले त्यसलाई ग्रहण गर्ने कार्यलाई शिक्षा भनिन्छ । विद्यार्थीले घोक्ने र शिक्षकले घोकाउने कार्यले मात्र विद्यार्थीको अन्तरनिहित क्षमताको विकास गराउँदैन । यस्तो परिपाटीले विद्यार्थीमा कोरा किताबी ज्ञान त बढ्न सक्छ तर रुची अनुसारको ब्यवहारिक पक्ष अत्यन्त कमजोर बन्ने गर्दछ । विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण गर्न, सिकाइमा रुची जगाउन, सिकाई सबल बनाउनका लागि विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापको ब्यवस्था अनिवार्य रुपमा गरिनु पर्दछ ।

अतिरिक्त क्रियाकलापलाई रुढीबादी सोच भएका शिक्षक तथा अभिभावकहरुले विद्यार्थीहरुको पढाई विगार्ने , शिक्षकको अल्छीपना लगायत विद्यालयमा खेलाउने नभई पढाउनु पर्ने संज्ञा दिएता पनि विद्यालयमा पाठ्यपुस्तकको कोरा ज्ञानका अलावा प्रभावकारी एंव रुचीकर शिक्षण सिकाई गर्नका लागि प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप समय समयमा हुनुपर्दछ, जसले गर्दा विद्यार्थीहरुको चौतर्फी विकासमा मद्धत गरोस् । सिकाईलाई प्रभावकारी एंव दिगो बनाउन र पाठ्यक्रमको लक्ष्य पूरा गराउन पाठ्यपुस्तक मात्र प्रयाप्त हुँदैन । विद्यार्थीको सर्वाङ्गीण विकास गराउन, ब्यक्तित्व विकासका लागि विद्यालयमा पाठ्यपुस्तकका अतिरिक्त अन्य क्रियाकलाप पनि गराउनुपर्ने अनिवार्य हुन्छ । यस्ता क्रियाकलापबाट विद्यार्थीले वास्तविक अनुभव हासिल गर्ने मौका पाउछन् । सिकेका सीपलाई ब्यवहारमा परिवर्तन गराई सिकाइलाई दिगो बनाउने बानीको बिकास गर्न सकिन्छ, जसबाट विद्यार्थीहरुको रचनात्मक वौद्धिक तथा तार्किक क्षमताको विकास हुन्छ । विद्यार्थीको

मनोवैज्ञानिक तथा बौद्धिक पक्षको विकास गरी ब्यक्तित्व निर्माणका लागि अतिरिक्त क्रियाकलाप अपरिहार्य छ । त्यसले आजकल यस्ता क्रियाकलापहरुको शैक्षिक विकासको लागि अभिन्न अगंका रुपमा लिई सम्पूर्ण विकासका रुपमा लिन थालिएको छ । अझ हाम्रो जस्तो मुलुकमा यसलाई विद्यार्थीको ब्यक्तित्व निर्माणका साथै समाज सेवा र राष्ट्र निर्माणमा पनि सघाउ पुग्ने गरी विकास गराइनु पर्दछ ।

विद्यार्थीको सर्वाङ्गीण विकासको प्रमुख पाटोको रुपमा शिक्षालाई लिन सकिन्छ । शिक्षा चाहे औपचारिक, अनौपचारिक तथा अनियमित किन नहोस्, त्यसले विद्यार्थीको ब्यवहारमा परिवर्तनको प्रमुख लक्ष्य राखेको हुन्छ । औपचारिक शिक्षामा तोकिएका पाठ्यक्रमको लक्ष्य हासिल गराउन र सुचारु रुपमा संचालन एंवम ब्यवस्थापन गर्न विभिन्न सामग्री विधि तथा जनशक्तिहरुको आवश्यकता पर्दछ । सबैको तारतम्य मिलेमा मात्र विद्यार्थीको सामाजिक र  शारीरिक ब्यक्तित्व विकास तथा समय सापेक्ष बनाउन शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विद्यार्थीको विकासका लागि कक्षाकोठाभित्र मात्र दिइने किताबी ज्ञानलाई मात्र पूर्णता दिन सकिदैन जसका लागि प्रत्येक विद्यार्थीलाई विद्यालयमा अतिरिक्त क्रियाकलापमा संलग्न गराई संचालन र ब्यवस्थापन गराउनु पर्दछ । जसले गर्दा विद्यार्थीहरुमा रहेका अन्तर्निहित क्षमता बाहिर प्रस्फुटित गराउन सहयोग पुग्दछ । ब्यक्तिलाई अनुशासित सामाजिक सीप विकास गरी शिष्टाचार र नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि अतिरिक्त क्रियाकलापले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

विद्यार्थीको सिकाइमा प्रभाव पार्ने तत्वहरु मध्ये अतिरिक्त क्रियाकलाप एक महत्वपूर्ण तत्व भएकोले विद्यालयले उपयुक्त साधन र सामग्रीको प्रयोग गरी अतिरिक्त क्रियाकलाप संचालनमा नल्याई बिहान १०:०० बजेदेखि ४:०० बजे सम्म लगातार एउटै शिक्षण विधि प्रयोग गरेर घोकाउने कार्यले शिक्षण सिकाई उपलब्धी पूर्ण हुन नसकेको अनुमान गर्न सकिन्छ । यस्तो अवस्था रहनुमा त्यहाँ अतिरिक्त क्रियाकलापको अवस्था  समस्याको रुपमा रहेको बुझ्न सकिन्छ ।

तुलनात्मक  रुपमा सरकारी विद्यालय र संस्थागत विद्यालयमा अतिरिक्त क्रियाकलापको सामग्री तथा साधनहरुको उपलब्धताको आधारमा सरकारी विद्यालय भन्दा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर राम्रो हुनुमा यसैलाई प्रमुख आधार मान्नुपर्ने स्थिति समेत देखिन्छ । संस्थागत विद्यालयमा खेल सामग्रीको उपलब्धता, अतिरिक्त क्रियाकलापलाई प्रथमिकता दिएको तर सरकारी विद्यालयमा खेल सामग्रीको अभाव, अन्य अतिरिक्त क्रियाकलापको योजनाबद्व संचालन नहुनु समस्याको रुपमा रहेको देखिन्छ ।

शिक्षा क्षेत्रको विकासको क्रमलाई हेर्ने हो भने, २००९ सालमा शिक्षा बोर्डको स्थापना भएपछि, २०१० साल चैत्र ९ गते सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भयो, जसले २०११ सालमा आफ्नो प्रतिवेदन बुझायो । २०१७ सालमा पंञ्चायती व्यवस्थाको थालनी भएपछि २०१८ साल वैशाख २५ गते तत्कालिन शिक्षामन्त्री विश्ववन्धु थापाको अध्यक्षतामा “सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति” गठन भयो । यसरी समय समयमा शिक्षामा विकास गर्ने उद्देश्यले विविध परिवर्तन भएतापनि किताबी कोरा विषयवस्तुलाई मात्र प्राथमिकता दिएकोले सफल बन्न सकेन ।  २०२८ सालमा राष्ट्रिय शिक्षा पद्दति लागु भएपछि शिक्षामा युगान्तकारी परिवर्तन भएको मानिन्छ । जसले शिक्षकलाई तालिम सेवा सुविधा लगायत विभिन्न क्रियाकलापमा जोड दिएको पाइन्छ ।

शिक्षा विकासका लागि नेपाल सरकार तथा विदेशी दातृ राष्ट्रले ठूलो रकम लगानी गरेता पनि नेपालको कूल जनसंख्याको ५३.७४% नेपाली मात्र साक्षर थिए । २०६८ सालको जनगणनामा भने नेपालीको साक्षरता दर बढेर ६५.९% हुन पुगेको छ । हाम्रो जस्तो विकासोन्मुख देशमा गरिवीको कारण विभिन्न समुदायबीच शिक्षामा व्यापक खाडल देखिन्छ । जसलाई समाधान गर्न आजकल विपन्न, अपाङ्ग, महिला दलित तथा जनजातीहरुका लागी शिक्षामा पहुँच बढाउन विभिन्न उपायहरु अंगालेको पाइन्छ ।

विद्याथीको सर्वाङ्गीण विकासका लागि परम्परागत शिक्षणको अलवा सह-अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थी क्रियाकलाप बढाउनु पर्दछ । यस्ता क्रियाकलापभित्र बौद्धिक तथा शारीरिक गतिविधिहरु पर्दछन् । विद्यार्थीको मनोवैज्ञानिक तथा बौद्धिक पक्षको विकास गरी ब्यक्तित्व बिकास गर्न अतिरिक्त क्रियाकलापको व्यवस्था अपरिहार्य भएका कारण विद्यालय शिक्षामा अभिन्न अंग तथा समपूरक बिषयको रुपमा बिकसित हुन पुगेको छ । पाठ्यपुस्तकमा नै सह-अतिरिक्त क्रियाकलापको ब्यवस्था समेत नेपाल सरकारले गरेको पाइन्छ ।

राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले जव अतिरिक्त क्रियाकलापलाई विशेष रुपमा जोड दियो सोही अनुसार शिक्षा तथा संस्कृति मन्त्रालयले पाठ्यपुस्तक निरीक्षण विकास केन्द्र अन्तर्गत त्रिभुवन विश्व विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको ब्यवस्था गरिएता पनि उच्च शिक्षामा प्रभावकारी संचालन र ब्यवस्थापन गरिएको पाइँदैन (अधिकारी, २०६६) ।

विद्यालय शिक्षामा आजकल सह-अतिरिक्त क्रियाकलाप अर्न्तगत खेलकुदका रुपमा फुटबल, भलिबल, कपर्दी जस्ता खेलहरु खेलाइन्छ भने अन्य कार्यक्रम अर्न्तगत हाजिरीजवाफ, संगीत, नृत्य, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रम यदाकदा कुनै कुनै विद्यालयमा गराएको पाइन्छ तर त्यसलाई उचित व्यवस्थापन गरी निरन्तरता दिन भने सकिएको पाइदैन् । राष्ट्रिय खेलकुद जस्ता संस्थाले केवल पेशेवर खेलाडीका निम्तिमात्र काम गरिरहेको छ । प्रभावशाली समन्वयको अभावमा विद्यालय र विश्वविद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापमा भने सहयोग पुऱ्याउन सकेको पाइँदैन । नेपाल स्काउटले पनि विद्यार्थी अन्तरनिहित क्षमतामा विकास गराउने लक्ष्य राखी अगाडी बढी यसका शाखाहरु ७५ वटै जिल्लामा संचालन गरेता पनि हाल आएर यसको क्रियाकलापहरुमा समस्या देखिएको पाइन्छ ।

जेहेन्दार गरिव तथा महिला वर्गका लागी उच्च शिक्षामा समेत छात्रवृतिको ब्यवस्था गरिने, अभिभावक सचेतना कार्यक्रमको सुरुवात, आर्थिक र बैचारीक विकास गर्ने लक्ष्य राखिएतापनि पिछडिएका महिला लक्षित समुदायको अज्ञानता तथा  चेतनाको अभावको कारणले गर्दा विद्यालय जान नचाहने, गएका विद्यार्थीहरु पनि बिचमा नै कक्षा छाड्ने, लाज संकोचको भावना हटाउन नसक्नु, विद्यालयमा नियमित नहुनु जस्ता समस्या रहेका छन् । यस्ता समस्या समाधानका लागि आवश्यक उपायहरुको खोजी गर्ने तथा अतिरिक्त क्रियाकलापको प्रभावले विद्यार्थीमा देखिने परिवर्तनको अध्ययन गर्नका लागि मैले यो विषयवस्तु चयन गरी अध्ययन गर्ने जमर्को गरेको छु ।

यो अध्ययन चितवन जिल्लाको विकट ९ वटा गा.वि.स. मध्ये शक्तिखोर गा.वि.स.को ३ वटा नि.मा.वि. र १ वटा मा.वि. गरी जम्मा ४ विद्यालयहरुमा उद्देश्य पूर्ण नमुना छनोटको आधारमा यी विद्यालय छनोट गरी त्यस विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रति विद्यार्थीको धारणा, संलग्नताको अवस्था, कमी ल्याउने तत्वहरु तथा समाधानका उपायहरुको खोजी गर्ने अभिप्रायले यस अध्ययन गरिएको हो । यस अध्ययनले अवश्य पनि सम्बन्धित क्षेत्रमा भएका त्यस्ता समस्या समाधान गर्न समेत टेवा पुग्ने देखिन्छ ।

## १.२. समस्याको कथन

शिक्षा मानव जीवनको सार हो । शिक्षा विहीन मानिस पशु समान हुन्छ । शिक्षा विकासको मेरुदण्ड पनि हो । शिक्षा बिना मानिसको ब्यक्तित्व र देशको विकास समेत असम्भव छ । नेपालमा वि.स.२००७ सालमा राणाशासनको अन्त भएको बखत साक्षरता दर मात्र २% थियो (अधिकारी २०६६) । यस पछि शिक्षा विकासमा सुधार ल्याउने अभिप्रायले योजनावद्ध शैक्षिक नीति तथा यसको

व्यवस्थापनले २०६८ सालको जनगणनासम्म आइपुग्दा साक्षरता दर ६५.९% रहे पनि महिलाको साक्षरतादर भने ५७.४% मात्र छ । पुरुष साक्षरता प्रतिशत ७५.१ रहेको तथ्याङ्क सार्वजानिक भएको छ । (अधिकारी, २०६६) यस तथ्याङ्कलाई हेर्दा महिला जातिले शिक्षामा खासै उपलब्धी हासिल गर्न सकेका छैनन् । अझै सम्म पनि परम्परागत रुढीबादी सोचबिचारमा अल्झिएका छन् । चुलो चौकामा मात्र सिमित रहेका छन् । महिलाहरुको यस किसिमको समस्यामा सुधार गर्न नेपाल सरकार तथा विदेशी दातृ राष्ट्रहरुले ठूलो रकम शिक्षमा सहयोग गरेका छन् तर खासै परिवर्तन गर्न भने सकिएको छैन ।

शिक्षामा ठूलो रकम लगानी गर्दाको अवस्थामा समेत यसमा उल्लेख्य परिवर्तन गर्न नसक्दा परिणामस्वरुप अन्य पक्षमा समेत प्रभाव पर्ने भएकोले शिक्षा बिकासका लागि छात्र वृतिको व्यवस्था, पोशाक, तेल बितरण कार्यक्रम, जस्ता रणनीति अंगाले पनि सफल भएको पाइँदैन । कमजोर शिक्षाका कारण २०२० सालमा लागु भएको छुवाछुत प्रथाले अहिलेसम्म जरो गाडेको छ । यस अर्थ शिक्षा आर्जनमा भएको यस किसिमको बाधा अवरोध हटाउन विद्यार्थी भर्नादर र टिकाउदर बढाउनका लागि अभिभावक तथा विद्यालय प्रशासन पक्षले अतिरिक्त क्रियाकलापको उचित व्यवस्थापन नगर्नाले यस किसिमको समस्या देखा परेको
हो । हाल विद्यालयले कस्ता कार्यक्रम गर्छन् ? र त्यसमा विद्यार्थी संलग्नताको अवस्था कस्तो छ ? भन्ने विषयवस्तुमा यो अनुसन्धान प्रतिवेदन केन्द्रित छ ।

## १.३ अध्ययनको औचित्य

नेपालको अधिकांश भू-भाग अझ सम्म पनि विकासको पूर्वाधारबाट वञ्चित छ । ३ बर्षे अन्तरिम योजनाको नतिजा अनुसार अझ सम्म पनि ४१ प्रतिशत नेपालीहरु गरिवीको रेखामुनि रहेका छन् । आफ्नो जीवन धान्न समेत धौ-धौ परिरहेका छन् । शिक्षा पाउनु मानवीय अधिकार हो भन्ने कुरा समेत बुझ्न सक्दैनन् । सरकारले हाल मा.वि. तहसम्म निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री, ड्रेसको व्यवस्था गर्दा समेत सोको उपलब्धी लिन सकेका छैनन् । विद्यालय भर्ना भएका विद्यार्थी मध्ये धेरैले आफ्नो अध्ययन पूरा नगरी बीचमा नै पढाइ छाड्ने गर्दछन् । विद्यार्थी व्यवस्थापनमा अभिभावकले खासै चासो देखाएको पाइँदैन् । नेपाली समाजमा रहेका विभिन्न विभेदहरु मध्ये आर्थिक, सामाजिक, लैंगिक, शैक्षिक आदि विभेदले पनि ठूलो स्थान ओगटेको छ । कुनै समाजमा शिक्षा लिन अहिले सम्म पनि अनिवार्य ठानिदैन भने महिला वर्गका लागि झन् बेग्लै दृष्टिकोणबाट हेर्ने गरिन्छ ।

नेपालको शैक्षिक अवस्था वृद्धिका लागि विदेशी दातृ राष्ट्रहरुले दिएका रकम पनि तालिम र कागजी प्रक्रियामा मात्र सिमित रहन्छन् । त्यसले लक्षित वर्गलाई नसमेटी टाठा-बाठाको पोल्टा भरिन पुग्छन् । शोषक वर्ग दिनानुदिन मोटाउँदै गएका छन् भने शैक्षिक पक्ष झन् कमजोर बन्दै गएको छ । यस कार्यक्रमलाई सबै पक्षबाट उचित परामर्श र सल्लाह प्रदान गर्दै गएमा अवश्य सफल बन्न सक्नेछ । असफल बन्नुमा विद्यालयको वातावरण, कडा दण्डनीति, शिक्षकको व्यवहार, विद्यालयमा अतिरिक्त क्रियाकलापको व्यवस्था आदि पक्षको बारेमा अध्ययन गर्न महत्वपूर्ण ठानी यसै शीर्षकमा अध्ययन गर्ने जमर्को गरेको छु ।

विद्यालयको चौतर्फी विकास तव मात्र हुन्छ जुनवेला विद्यालय प्रशासनले प्रभावकारी योजना वनाई त्यसको समुचित कार्यन्वयन गर्न सफल हुन्छ । तसर्थ समाज तथा समुदायका सम्पूर्ण व्यक्तिहरुले व्यक्तिको आर्थिक, सामाजिक, नैतिक, शैक्षिक आदि विकासमा समानुपातिक रुपले सामूहिक विकास गर्नुपर्दछ । सम्पुर्ण पक्षको सामूहिक प्रयासले मात्र प्रत्येक वर्गका वालबालिकाहरु विद्यालय सम्म जाने अवसरको सिर्जना हुनसक्छ । विद्यार्थीहरुमा आइपरेका समस्याहरुको पहिचान गराई उनीहरुको विद्यालय अतिरिक्त क्रियाकलापमा सहभागीको अवस्था कस्तो छ ?, सहभागी बन्न नखोज्नुका कारणहरु के-के हुनसक्छन् ? त्यस्ता समस्या कसरी समाधान गर्न सकिन्छ ?, कारणको खोजी गरी समाधानको मार्ग प्रशस्त गर्नु यस अध्ययनको प्रमुख लक्ष्य हो । यसका साथै विद्यालयमा भर्ना हुन नचाहनु, बीचमा नै कक्षा छाड्ने, दोहोऱ्याउने जस्ता समस्या आइपर्नुका कारणहरु पहिचान गर्न यो अध्ययन औचित्यपूर्ण हुनेछ भन्ने ठानेको छु ।

यो अध्ययन पूर्ण त विद्यालयमा जम्मा सहभागी छात्रहरु मध्ये अतिरिक्त क्रियाकलापमा के कति छात्र/छात्रा संलग्न भए ?, संलग्न हुनु नहुनुमा कारणको पहिचान गरी त्यस अनुसारको अतिरिक्त क्रियाकलाप संचालन गर्न चाहने विद्यालय ,शिक्षक अन्य शोधकर्ता ,विद्यार्थी, अभिभावक लगायत अन्य वर्गलाई समेत मार्गदर्शन मिल्ने हुदाँ यो अध्ययन महत्वपूर्ण देखिन्छ ।

## १.४अध्ययनकोउदेश्य

यस अध्ययनका निम्न लिखित उद्देश्यहरु रहेका छन् ।

१) अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको स्थिति पहिचान गर्नु ।

२) अतिरिक्त क्रियाकलापमा विद्यार्थीको संलग्नतामा कमी ल्याउने तत्वहरु पत्ता लगाउनु ।

३) अतिरिक्त क्रियाकलापले शैक्षिक उपलब्धीमा पार्ने प्रभावबारे जानकारी लिनु ।

४) अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता बढाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

अनुसन्धानलाई अगाडि बढाउन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएको छ ।

१) अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नताको अवस्था कस्ता छन् ?

२) अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नतामा कमी ल्याउने तत्वहरु के - के हुन् ?

३) अतिरिक्त क्रियाकलापले सिकाइ स्तरमा कस्तो प्रभाव पारेका छन् ?

४) अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता कसरी बढाउन सकिन्छ ?

५) अतिरिक्त क्रियाकलापप्रति शिक्षकको धारणा कस्ता छन् ?

६ ) अतिरिक्त क्रियाकलापप्रति अभिभावकहरु के भन्छन् ?

## १.६ अध्ययनको परिसीमा

जुनसुकै अध्ययनकार्य गर्दा पनि अध्ययनको क्षेत्रको सिमाङ्कन गरिनु पर्दछ । अध्ययन गरिने विषयवस्तु उद्देश्य पनि पूर्ण निर्धारित गरिन हुन आवश्यक छ । अनुसन्धानकर्ताको समय , स्रोत साधन , विभिन्न समस्या तथा जटिलताका कारण ठूलो अध्ययन क्षेत्रलाई समेट्न नसकि पनि यस अध्ययन प्रतिवेदन चितवन जिल्लाको विकट शक्तिखोर गा.वि.स. अन्तर्गत नि.मा.वि/मा.वि. विद्यालयसँग सम्बन्धित छ ।

विशेषतः यस अध्ययन चितवन जिल्ला शक्तिखोर गा.वि.स. अर्न्तगतका मा.वि./नि.मा. विद्यालयहरुमा श्री चतुर्मुखी उ.मा.वि.शक्तिखोर, जनशक्ति नि.मा.वि. छेपेढाप, कालिका नि.मा.वि. न्युरेनी र चक्रदेवी नि.मा.वि. गैरीबारीमा सिमित रहेको छ भने स्थानीय अभिभावक र विद्यालय प्रधानाध्यापक लगायत शिक्षकहरुमा सिमित गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान कार्य वास्तवमा जटिल कार्य भएकोले कुनै पनि विषयवस्तुसँग सम्बन्धित गहिरिएर खोज तथा अनुसन्धान गर्ने क्रममा विविध विषयवस्तुहरुको अध्ययन गर्नु पर्ने हुन्छ । अनुसन्धानको क्रममा अनुसन्धान कार्यलाई मुर्त रुप प्रदान गर्नका लागि यस भन्दा अगाडी गरिएका सम्बन्धित लेख रचना हरुलाई साहित्यको पुनरावलकनको रुपमा अध्ययन गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि सोधकर्ताले सम्बन्धित साहित्यको पुनरावलोकन गर्न आवश्यक छ । यस विषय बस्तुसंग मिल्दा जुल्दा सैदान्तिक खाकाको प्रयोग गरी गरिएको यस अध्ययन कार्यले उद्देश्य अनुरुप पूर्णता पाउनुका साथै भोलिका दिनमा समेत उपयोगि सिद्ध हुनेहुदा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता नामक शोधपत्रसंग मिल्दा जुल्दा लेख रचना, पत्रपत्रिका र सोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा प्रस्तुत गर्नका साथै अध्ययन कार्यसंग सम्वन्धित सैदान्तिक खाकालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षण सिकाईको क्रममा कक्षाकोठा भित्रको किताबी विषय वस्तुसँग सम्बन्धित क्रियाकलाप बाहेक अन्य क्रियाकलापहरु नै अतिरिक्त क्रियाकलाप हुन् । यस भन्दा अघि शिक्षकले किताबी विषयवस्तु मात्र अध्यापन गराउनु पर्छ र विद्यार्थीले शिक्षकले जे सिकाए त्यहि सिक्नु पर्छ भन्ने धारणा राखिन्थ्यो तर आजकाल शिक्षण सिकाईको क्रममा पाठ्यक्रम भित्रका क्रियाकलाप बाहेक co-curricular activities लाई समेत प्राथमिकतामा राखिएको पाइन्छ । अतिरिक्त क्रियाकलापको महत्व तथा प्रयोग दिन प्रति दिन बढ्दो क्रममा भएता पनि विद्यार्थीहरु यस्ता क्रियाकलापमा कमै संलग्न रहेको पाइन्छ । सरकारी तथा संस्थागत विद्यालयहरुमा छात्र/छात्राहरुको अतिरिक्त क्रियाकलाप प्रति संलग्नतामा कमि ल्याउने कारक तत्वहरुको पहिचान गरी सो समस्या समाधानका उपायहरु खोजी गर्नुका साथै यस प्रति विद्यार्थी, शिक्षक तथा अभिभावकको धारणा बुझि सकारात्मक भावनाको विकास गराएई शैक्षिक गुणस्तरमा समेत सुधार गर्न सकिन्छ भन्ने अभिप्रायका साथ अध्ययनको शिलशिलामा यससँग सम्बन्धित मिल्दाजुल्दा अनुसन्धान प्रतिवेदन तथा खोज मुलक लेख रचनाहरुको अध्ययन गरी सम्बन्धित विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकको सहयोगमा यस अध्ययन गरिएको छ ।अध्ययनको क्रममा अतिरिक्त क्रियाकलाप प्रति विद्यार्थीको

संलग्नतामा कमि आउने मुख्य तत्वको रुपमा लाज मान्ने, छात्राको शारिरीक संरचना, पोशाक, आवश्यक सामाग्रीको उपलब्ध नहुनु, खेल शिक्षकको अभाव हुनु जस्ता समस्याहरु देखिन्छ ।

छात्राहरुलाई विद्यालय जानको लागी बाधक रहेका तत्वहरु पहिचान गरी समस्याहरु समाधानका उपायहरुमा जातिगत अन्धविश्वास हटाउनु पर्ने, कुमाल जातिका लागि लघु परियोजना संचालन गर्नुपर्ने, छात्रछात्रालाई अनिवार्य रुपमा छात्रवृतिको ब्यवस्था गर्नुपर्ने, बालविवाह हटाउनु पर्ने आदि पत्ता लगायका छन् । २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य पूरा गराउनका लागि कुमाल छात्राहरुलाई विद्यालयमा अनिवार्य रुपमा उपस्थित गराउनु पर्ने कुरामा जोड दिएको पाइन्छ ( मरहठ्ठा, २०६१) ।

बालविकासका लागि महत्वपुर्ण तत्वहरु मध्ये परिवारको सामाजिक र आर्थिक स्तर , आमाबाबुको शिक्षा , घरको कामको बोझ , पोषण युक्त खाना , बालकको आवश्यकता र चाहना , सुरक्षाको चेतना , आमाबाबुको केटाकेटी प्रति लिंग अनुसारको उपचार , शारीरिक ब्यायम तथा वातावरण र अतिरिक्त क्रियाकलापलाई प्रमुख आधार मानेको कुरा शर्मा एण्ड शर्मा वालविकास र सिकाई २०७० बाट पाउन सकिन्छ (शर्मा एण्ड शर्मा, २०७०) ।

कुनै पनि भावना वा आकांक्षा जसले कुनैपनि ब्यक्तिको इच्क्षा वा चाहानालाई यसरी परिवर्तन ल्याइदिन्छ , जसले गर्दा उ कार्यप्रति दत्तचित्त भएर लाग्दछ यसर्थ ब्यक्तिलाई कार्यप्रति उत्प्रेरणा जगाउनका लागि आकर्षक भौतिक वातावरण , शिक्षण विधि , शिक्षकको ब्यवहार ,पुनर्बलको प्रयोग ,पुरस्कार र दण्ड ,परिणामको ज्ञान , प्रतिसपर्धा र सहयोग , अतिरिक्त क्रियाकलापमा संलग्नता जस्ता विविध उपायहरु अपनाइ विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने कुरा कक्षा ११ को शैक्षणिक पद्धति मा पाउन सकिन्छ (श्रेष्ठ चन्द्रबहादुर, बस्नेत सम्झना, २०६५) ।

सामाजिक , सांस्कृतिक, आर्थिक र राजनैतिक कारणले गर्दा सम्पूर्ण छात्राहरु विद्यालयमा भर्ना हुन पाउदैन् । कमै उमेरमा विवाह हुनु, ज्यालामजदुरी गर्नु पर्ने, आफ्ना भाई बहिनीहरुको स्याहार गर्नुपर्ने, आर्थिक अभाव, दैनिक आयका स्रोत नहुनु, पढाइप्रति आमाबाबुको चेतनास्तर कम हुनु, शैक्षिक वातावरण र जनचेतनाको अभाव हुनु भन्ने कुरा उल्लेख गरिएको छ (लम्साल, २०५६) ।

लैङ्गिक समविकास शिक्षामा लैङ्गिक समानताका सवालमा वर्तमान शैक्षिक परिवेशको विश्लेषण गर्दा शिक्षाको क्षेत्रमा साक्षरता दर, भर्ना प्रतिशत छात्रा सहभागिता पढाई निरन्तरता, रोजगारी अवसर

तथा स्तरको दृष्टिकोणबाट समेत महिला र पुरुष तथा छात्रा र छात्रबीचको विभेद र दूरी स्पष्ट देखिन्छ । त्यस्तै ब्यवस्थापन तहमा पनि छात्रा सहभागिता अति न्यून रहेको छ । यसैले नेपाली समाजमा महिलाले अझै पुरुष सरह समान अवसरहरु उपयोग गर्न पाएका छैनन् (सिन्हा, २००६) ।

जिल्लाद्धारा आयोजना गरिएको र विद्यालयद्धारा स्वीकृत गरिने क्रियाकलापलाई सह-क्रियाकलाप भनिन्छ । जसले सीप विकासका लागि विद्यार्थीलाई ब्यक्तिगत र सामुहिक रुपमा विद्यालयमा र सार्वजानिक क्रियाकलापमा सहभागी हुने अवसर प्रदान गर्दछ । मिनिन्सोटा स्कुल वोर्ड २००२ ले अतिरिक्त क्रियाकलापलाई यसरी परिभाषित गरेको छ । विद्यार्थीहरुको क्लव वा समूहले आयोजना गर्ने विद्यालय प्रशासनले आयोजना गर्ने, विद्यालयले आयोजना गर्ने , स-साना क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ, (मिनिन्सोटा स्कुल वोर्ड, २००२) ।

सामाजिक, आर्थिक र राजनैतिक कारणले गर्दा सम्पूर्ण केटा केटीहरु विद्यालय भर्ना हुन सक्दैन् । गरीबि अनि भौगोलिक विकटता हाम्रो देशको जल्दो वल्दो समस्या हो । कमै उमेरमा विवाह हुने, ज्याला मजदुरी गर्नुपर्ने, भाइ बहिनीको स्याहार सुसार गर्नुपर्ने, पढाइ प्रति आमा बुवाको चेतना न्यून हुनु, शैक्षिक लगानीमा सवैको ध्यान नपुग्नु जस्ता कारणले विद्यालयमा विद्यार्थी भर्ना नहुने कुरा उल्लेख गरिएको छ, (लम्साल, २०५६) ।

विद्यालयमा विद्यार्थीसंख्या वृद्धि गर्नका लागि महिला शिक्षिकाको अनुपात बढाउनु पर्ने सेरिड १९९६ ले गरेको एक अध्ययन अनुसार नेपाल सरकारको दोषपूर्ण र कमजोर कार्यान्वयनको कारणले गर्दा महिला शिक्षिका नियुक्त हुन नसकेको कुरा उल्लेख छ । त्यसैले शिक्षणलाई प्रभावकारी वनाउन महिला शिक्षक नियुक्ति र सह-अतिरिक्त क्रियाकलाप अनिवार्य भएको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको छ (सेरिड, १९९६) ।

विद्यालयमा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता कम देखिनुका कारणहरु सामाजिक, आर्थिक, सांस्कृतिक जस्ता रहेका छन् । हाम्रो समाजमा विद्यालय पढ्ने उमेरका केटाकेटीहरुको सानै उमेरमा विवाह गरी शिक्षा आर्जन कार्य अधुरो राखिन्छ । समाजको गलत संस्कारको कारण विद्यालयमा खेलकुद कार्यक्रम संचालन गर्न दिइदैन विद्यार्थीलाई विद्यालयमा पढ्न पठाइएको हो खेलाउन होइन भन्ने अभिभावको गलत धारणाको कारण अतिरिक्त क्रियाकलापमा सबैको चासो पुऱ्याउन सकिएको छैन, (लम्साल, २०५६ ) ।

मानिसको सर्वाङ्गीण विकासको लागि अतिरिक्त क्रियाकलाप आवश्यक छ । कक्षाकोठामा बसेर किताबी ज्ञानले मात्र वालबालिको विकास गराउन असम्भव छ । यसर्थ कलिला वालबालिकालाई सुगा रटाइ गरी शिक्षा दिनु भन्दा खेल विधि बाट शिक्षा दिनु आजको आवश्यकता देखिन्छ । त्यसैले विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्दा विद्यार्थीको प्रकृति हेरी संचालन गर्नु पर्दछ । जस्तै अपाङ्गलाई र अन्य वालबालिका, समान खेलको व्यवस्था गरिनु हुदैन । सार्वजानिक स्थलमा यस्ता वालवालिकालाई हेलाको दृष्टिकोणले हेर्ने गरिन्छ तर त्यस्तो किसिमको वातावरण सिर्जना हुन विद्यालयमा कदापी दिनु हुदैन् ।

यी अनुसन्धान नीतिगत लक्ष्य र वास्तविक कार्यक्रमका बीच धेरै ठूलो अन्तर रहेका देखिन्छ । सुक्ष्म कार्यक्रमले ब्यापक रुपमा निर्माण गरिएको नीतिगत लक्ष्यलाई समेट्न सकेको छैन । शिक्षा सम्बन्धी लक्ष्यन्मुख कार्यक्रम संचालन गरिएतापनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको छैन् । विद्यालयमा विद्यार्थी संख्या बढाउनका लागि मनोरञ्जनात्मक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ भने समाजको सामाजिक, लैंगिक, वर्गीय, सांस्कृतिक र राजनैतिक विभेदको जरै देखि समाधान गरिनुपर्दछ ।

स्वतन्त्र रुपले शिक्षा पाउनु नारी र पुरुषको अधिकार हो । तर नेपाली समाजमा पुरुषको तुलनामा महिलाहरु आर्थिक, सामाजिक र सांस्कृतिक कारणले अशिक्षाको भूमरीमा परेका छन् । त्यसैले उनीहरु विकास निर्माणको मुख्य भूमिकामा आउन सकेका छैनन् । कतिपय स्थानमा पितृसत्तात्मक मुलुक भएतापनि पुरुषहरु महिलाको जीवन सुर्धानका लागि लागी परिरहेका देखिन्छ (उप्रेती, २००६) ।

हाम्रो समाजमा लैंगिक विभेदका कारण छोराले राम्रो विद्यालयमा अध्ययन गर्न पाउँदा छोरीलाई साधारण विद्यालयमा भर्ना गरिन्छ । पोसाक, खाजाको ब्यवस्था पनि त्यही अनुसार हुने गर्दछ । विद्यालयमा तालिमप्राप्त शिक्षकको अभाव, खेलमैदान, खेल सामग्री आदि सामग्रीका अभावका कारण उपयुक्त तरिकाले प्रभावकारी शिक्षण गर्न कठिन परेको छन् । सम्पूर्ण सामग्रीको ब्यवस्थापन गरी मनोरञ्जनात्मक तरिकाले पठन पाठन गराई शिक्षण गर्नुपर्ने कुरा विश्लेषण गरिएको छ (भट्ट, २०६३) ।

विद्यालयको अतिरिक्त क्रियाकलापको साथ साथै शिक्षण कार्यलाई अगाडि बढाएमा पक्कै पनि सफलता प्राप्त गर्न सकिन्छ । यसर्थ विद्यालयमा अतिरिक्त क्रियाकलापका लागि खेल सामग्री, खेल मैदान मनोरञ्जनात्मक सामग्री उपलब्ध गराएमा पक्कै पनि किताबी कोरा ज्ञानलाई ब्यवहारिक

बनाउन सकिन्छ । विद्यार्थीमा स्वास्थ्य चिन्तन अनि बौद्धिक क्षमताको अभिवृद्धि गर्न सकिन्छ । भन्ने निष्कर्ष सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त गरिएको छ ।

### २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रयोगद्धारा प्रमाणित गर्न सकिने तथ्यहरु नै सिद्धान्त हुन् । यस अध्ययन गर्नका लागि पनि यस विषयवस्तु संग मिल्दा जुल्दा विभिन्न विचार तथा सिद्धान्तको प्रयोग गरिएको छ । जसले मेरो यो सानो अध्ययनलाई उचित तरिकाले लैजानका लागि मार्गदर्शन प्रदान गरेको छ । जसका लागि मैले व्यवस्थापन संग सम्बन्धित धेरै सिद्धान्त तथा तरिकाहरु मध्ये व्यवहारवादी सिद्धान्त, कार्यपरक सिद्धान्तका साथै सेवा क्षेत्रमा रहेका उपेक्षित वर्गलाई विद्यालयसम्म ल्याउनका लागि पेडागोजी अफ अप्रेस्ड एप्रोज (१९७०) लाई अवलम्बन गरेको छु ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोचको समुदायमा शशक्तिकरण प्रविधिबाट साक्षर बनाउने रिफ्लेक्ट अनुसार समुदायका सबै तहमा जनचेतना जगाउने अन्यायमा परेका तल्लो बर्गका मानिसलाई शिक्षा आर्जन प्रति प्रेरित गराई तिनीहरुको सक्रिय सहभागिता गराउने , पाठ्यक्रम विदले पढाईको खाका निर्माण गर्नुको सट्टा सिकारु आफैले आफ्नो रुची र क्षमता अनुसार बिषय वस्तु चयन गर्ने तल्लो तहको विकासले मात्र सम्पूर्ण तहको विकास सम्भव छ भन्ने चेतना जगाउने शिक्षा आर्जन गर्ने सम्पूर्ण वर्गलाई सचेत तुल्याई शशक्त बनाउनु पर्ने शिक्षाको पारिलो घामबाट बञ्चित रहेका सम्पूर्ण किशोर किशोरीहरुलाई शिक्षाको मूलधारमा समाहित गराउने उदेश्यले यस अध्ययनलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालयमा विद्यालय छाड्ने विद्यार्थी संख्या घटाई उनीहरुको विद्यालय प्रति सहभागीता बढाउन पाउलो फ्रेरेद्वारा प्रतिपादित पेडागोजी अफ अप्रेस्ड एप्रोच लाई अवलम्बन गरिएको छ (शर्मा एण्ड शर्मा, २०६६) ।

अत्याचारमा परेका शोसित , पिडित मानिसहरुका समस्या बारेमा जनचेतना जगाई सचेत बनाएर मौनताको संस्कृति तोड्नका लागि शिक्षा आर्जन गराउनु पर्दछ । यसरी उनीहरु साक्षर भए भने सिङ्गो परिवारनै साक्षर हुन्छन् । जसका कारण, शिक्षा आर्जनप्रति प्रेरित भई विद्यालय छाड्ने दर, दैनिक सहभागिता, अतिरिक्त क्रियाकलापमा संलग्न जस्ता विविध पक्षमा संलग्नता बढ्न गई विद्यालयमा निरन्तर उपस्थिति हुने बानीको स्वतः विकास हुने गर्दछ । पेडागोजी अफ अप्रेस्ड एप्रोच, (१९७०) ।

## २.३. पुनरावलोकनको उपादेयता

अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता शीर्षकमा गरिएको यस अनुसन्धानले सम्पूर्ण विषय वस्तु समेट्न नसकिएता पनि यससंग सम्बन्धित विषय वस्तुमा शोध तथा अनुसन्धान गर्ने शोध कर्तालाई अवश्य मार्गदर्शन मिली बलियो आधार बन्न सक्छ । शिक्षा क्षेत्रमा रकमको खोलो बोगाउने बिभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुलाई एक सन्दर्भ सामाग्रीको रुपमा यसलाई लिन सकिन्छ । लगानी मात्र वृद्धि गर्ने तर त्यसको प्रतिफल प्रति ध्यान नदिने विद्वान वर्गलाई समेत यसले घचघच्याउन सफल रहन्छ ।

सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका शिक्षा क्षेत्रमा धेरै उपयोगी रहेका छन् । अनुसन्धान कार्य वास्तवमा जटिल विषयवस्तु भएकोले अनुसन्धान कर्ता वा शोध कर्ताले आफ्नो विषयवस्तुसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, अनुसन्धान, प्रतिवेदन तथा सन्दर्भ स्रोत एवं अन्य विभिन्न विषय वस्तुको प्रयोग गर्ने गर्दछ । जसले गर्दा सोधकर्तालाई उक्त अनुसन्धानको निष्कर्षमा पुग्न सजिलो हुन्छ । जसले शिक्षा क्षेत्रमा आइपर्ने समस्याहरु कक्षा ब्यवस्थापन,  शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई समाधानका लागि सहयोग पुगेकोछ ।

आफ्नो अनुसन्धानको आधारशिला निर्माण गर्न तथा अनुसन्धान गर्न लागिएको विषयवस्तु प्रति यस अघि के कस्ता अध्ययन भइसकेका छन् ? जानकारीका लागि पूर्व साहित्यको समीक्षा गर्नु अनिवार्य छ । शोधकर्ताले पनि अतिरिक्त क्रियाकलापप्रति विद्यार्थी सहभागिता वृद्धि गर्नका लागि पहिले भएका अनुसन्धान प्रतिवेदनको सारलाई प्रस्तुत गरिएको छ । शोधकर्तालाई सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाले आफ्नो अध्ययनलाई उचित मार्गदर्शन प्रदान गर्न सहयोग गर्दछ । आफ्नो विषयवस्तु सँग सम्बन्धित पाठ्यपुस्तक , अनुसन्धान प्रतिवेदन , थेसिस आदिलाई आधार मानी शोधकर्ता अगाडि बढ्ने गर्दछ भने सैद्धान्तिक खाकाले सिद्धान्तको बारेमा ज्ञान दिई विषयवस्तुलाई पुष्टि गर्न सहयोग पु¥याएकोछ । साथै सम्वन्धित साहित्यको पुनरावलोकनबाट शोधकर्तालाई अध्ययन विधि छनोट गर्न, अनुसन्धानका साधनहरु निर्माण गर्न, अनुसन्धानबाट प्राप्त सुचनाको व्याख्या विश्लेषण गर्न तथा अनुसन्धानलाई तोकिएको ढाँचामा अगाडिबढाउन सहयोग पु¥याएको तथ्यलाई सम्वन्धित साहित्यको पुनरावलोकनको उपदेयताको रुपमा लिइएकोछ ।

यस अध्ययनको क्रममा विषयवस्तु सँग सम्वन्धित जानाकारि संकलनगरिएपछि जसलाई विस्तृतरुपमा व्यक्तगर्नका लागि बिश्लेषण गर्ने प्रयास गरिएकोछ । जसले गर्दा यस अनुसन्धानलाई विश्लेषणात्मक अनुसन्धानको ढाँचाकोरुपमा अगाडिबढाएकोछ भने अध्ययनको क्रममा छिटो तथा सजिलो बनाउनकालागि अवलोकन, अर्न्तवार्ता, समुहगत छलफल तथा सर्वेक्षणसामागृी आदिको प्रयोग गरिएको थियो । जसले गर्दा यस अनुसन्धानलाई निष्कर्षमा पुग्न सहयोग पुगेको थियो ।

# परिच्छेद तीन
# अध्ययन विधि

अनुसन्धान कार्यको लागि तथ्याङ्क सङ्कलन गर्ने प्रस्तुतिकरण गरी विश्लेषण गर्ने र अन्त्यमा निष्कर्शमा पुग्ने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । यसमा अध्ययनका लागि कति जनसंख्या लिने ? कुन विधिबाट तथ्याङ्क सङ्कलन गर्ने ? नमुना छनौट कुन विधिबाट गर्ने ? के-के सामग्री प्रयोग गर्ने ? तथ्याङ्कको व्याख्या विश्लेषण कसरी गर्ने ? जस्ता विविध विषयवस्तुको अध्ययन गरिन्छ । जसलाई सम्पन्न गर्ने विधिहरुलाई अध्ययन विधि भनिन्छ । यस अध्यनका लागी पनि शोधकर्ताले अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता शीर्षकमा अध्यनका लागी द्वितिय स्रोतको रुपमा पाठ्यपुस्तक, पत्रपत्रिका, विद्यालयको अभिलेखलाई लिइएको छ भने प्राथमिक स्रोतको रुपमा अवलोकन , अन्तवार्ता तथा प्रश्नावलीबाट प्राप्त जानकारीहरुलाई लिइएको थियो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको लागि गरिने एक वृहत् योजना हो । अध्ययन विषयवस्तुको अपेक्षित उद्देश्य हासिल गर्नको लागि बनाइएको योजना नै अनुसन्धान ढाँचा हो । अनुसन्धान कार्यको लागि सामान्य नमुना छनौटबाट विद्यालय छनोट गरिएको थियो । सङ्ख्यात्मक तथ्याङ्कलाई उपयुक्त तवरले प्रस्तुत गर्नका लागि तालिकिकरण बाट देखाउने प्रयास गरिएको छ । जसका कारण यो अनुसन्धान परिणात्मक पकृतिको भएको छ । विषयवस्तु सहज रुपमा व्यक्त गर्न कतिपय ठाउँमा वर्णनात्मक विधिको प्रयोग भएको छ । त्यसैले यस अध्ययनमा विश्लेषणात्मक ढाँचाको प्रयोग गरी प्राप्त तथ्यहरुको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट

अनुसन्धानकर्ताको रुचि अनुसार एकै किसिमको विशेषता मिल्ने सम्बन्धित सम्पूर्ण सदस्यहरुको समूहलाई जनसङ्ख्या मानिने हुँदा यस अध्ययनका लागि चितवन जिल्लाको विकट शक्तिखोर गा.वि.स.का सामुदायिक विद्यालयको मा.वि., नि.मा.वि.मा अध्ययनरत छात्रछात्राहरु अध्ययन क्षेत्रका जनसङ्ख्या हुन् । शक्तिखार स्रोतकेन्द्रमा सङ्कलित अभिलेखबाट विद्यालयको सूची सङ्कलन गरी जसका आधारमा विद्यालय छनौट गरिएको थियो ।

शक्तिखोर स्रोतकेन्द्र अन्तर्गत सञ्चालित जम्मा ३५ ओटा विद्यालय मध्ये एक उच्च मा.वि., तीन नि.मा.वि. गरी जम्मा चार ओटा विद्यालयमा सम्भावनायुक्त नमुना छनौट विधिद्वारा यी विद्यालयहरु छनौट गरिएको थियो । यसरी छनौट गरिएका विद्यालयहरुका प्र.अ., विषय शिक्षक, छात्र-छात्रा र अभिभावकहरुको प्रतिनिधित्व गराउन २/२ जनाको छनौट गरी जम्मा ८ जनाको सुचना सङ्कलन गरिएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत

जुन चिज जहाँबाट पाइन्छ त्यो ठाउँ उक्त वस्तुको स्रोत हो । यस अध्ययन गर्नका लागि पनि सम्बन्धित अध्ययन क्षेत्रलाई तथ्याङ्कको स्रोतको रुपमा लिएको छ । अध्ययन विषयवस्तुको प्रकृति हेरी तथ्याङ्कका स्रोतहरु फरक फरक हुने गर्दछन् । यस अध्ययनका लागि साधारणतया निम्न लिखित स्रोतको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा पहिलो पटक अनुसन्धानकर्ताको हातमा सङ्कलित सूचनाहरु प्राथमिक स्रोत अन्तर्गत पर्दछन् । त्यसैले यसलाई First Hand Information पनि भनिन्छ । यस अध्ययनको क्रममा अवलोकनबाट प्राप्त जानकारी, प्रश्नावलीबाट प्राप्त जानकारी, प्र.अ., विद्यार्थी र अभिभावकका जवाफहरु प्राथमिक स्रोत अन्तर्गत राखिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

पहिलो पटक कुनै पनि सूचनाको जानकारी अनुसन्धानकर्ताको हातमा नपरी अन्य पक्षबाट तथ्याङ्क प्राप्त गरिन्छ भने त्यसलाई माध्यमिक स्रोत भनिन्छ । अर्थात यो Second Hand Information हो । यस अध्ययनको क्रममा रेडियो, पत्रपत्रिका, पाठ्यपुस्तक, विद्यालयको अभिलेखहरु,अनुसन्धानात्मक प्रतिवेदनलाई माध्यमिक स्रोतको रुपमा लिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

अनुसन्धानको क्रममा छनौट गरिएका जनसङ्ख्या र अभिलेखबाट प्राप्त जानकारीलाई तथ्याङ्क भनिन्छ । तथ्याङ्क सङ्कलनको क्रममा प्रयोग गरिएका प्राथमिक र माध्यमिक स्रोतबाट सूचना सङ्कलन गर्दा निम्न लिखित साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.४.१ प्रश्नावली

शैक्षिक, मनोवैज्ञानिक तथा जुन सुकै अनुसन्धानको क्षेत्रका प्रश्नावली एक अनिवार्य, अपरिहार्य अनि लोकप्रिय मानिन्छ । जसबाट अध्ययन गर्न खोजिएको विषयवस्तुको सूचना सङ्कलन सजिलैसँग गर्न सकिन्छ । प्रश्नावली बन्द र खुला गरी दुई प्रकारका हुन्छन् ।

यस अध्ययनको क्रममा उद्देश्य अनुरुप विषयवस्तुसँग सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक र प्र.अ.लाई छुट्टा छुट्टै प्रश्नावली निर्माण गरी प्रयोग गरिएको थियो । जसमा स्वविवेकले उत्तर दिने प्रश्न र वास्तविक उत्तर आउने दुवै प्रश्नावली अनुसुची १,२ र ३ मा समावेश गरिएको छ ।

### ३.४.२ अन्तरवार्ता

अनुसन्धानकर्ता र उत्तरदाता बीचको वार्तालाप नै अन्तर्वार्ता हो । जुन आमुन्ने सामुन्ने भएर अर्थात टेलिफोन तथा अन्य सञ्चारको सामग्रीबाट हुनसक्छ । यी संरचित र असंरचित दुई प्रकारका हुन्छन् । प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिमध्ये यो प्रभावकारी विधि हो । जसमा अनुसन्धानकर्ता छनौट विद्यालयमा पुगी दुवै विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । जसको क्रममा विद्यालय, शिक्षक, विद्यार्थी तथा प्र.अ सँग गरिएको अर्न्तवार्ता नमुना प्रश्नावली अनुसूचि १,२ र ३ मा राखिएका छ ।

### ३.४.३ समूहगत छलफल

अध्ययन विषयवस्तुको निष्कर्षमा पुग्ने क्रममा शोधकर्ताले अध्ययन क्षेत्रको विद्यालयमा उपस्थित भई विषयवस्तुसँग सम्बन्धित भएर शिक्षक, विद्यार्थी र अभिभावकहरुको छुट्टा छुट्टै समूह निर्माण गरी निर्मित प्रश्नावलीका आधारमा सत्य तथ्य जानकारी सङ्कलनको प्रयास गरिएको थियो ।

### ३.४.४ सर्वेक्षण फारम

शोधकर्ता अध्ययन क्षेत्रको विद्यालय पुग्नु पूर्व विद्यालयद्वारा भरिएको फारम तथा अभिलेखहरुमा सम्बन्धित भएर यसै तथ्याङ्क सङ्कलन गरिएको थियो । जसका आधारमा जम्मा विद्यार्थी सङ्ख्या, शैक्षिक उपलब्धि, विद्यार्थीको भौतिक तथा आर्थिक पक्ष जस्ता विविध विषयवस्तुमाथि जानकारी मिलेको थियो । सर्वेक्षण फारमको नमुनालाई अनुसुची १,२ र ३ मा देखाईएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

विषयवस्तुको चयन पश्चात विषयवस्तु सँग सम्वन्धित अन्य शोधपत्र, पत्रपत्रिका, अनुसन्धानात्मक प्रतिवेदन, पाठ्यपुस्तकको अध्ययन गरिसकेपछि विषयवस्तु सँग सम्वन्धित नमुना प्रश्नावली निर्माणगरि विषयशिक्षकको निगरानि र परामर्श भित्र रहि अर्न्तवार्ता, प्रश्नावली, मत सर्वेक्षण, समुहगत छलफल आदिको माध्ययमबाट यस शिर्षक सँग सम्वन्धित राय संकलनका लागि छनोटमा परेका विद्यालयहरुमा स्वयं उपस्थितभई प्राथामिक तथा माध्यामिक स्रोतको प्रयोग गरि प्रत्येक विद्यालयमा सवै पक्षको प्रतिनिधित्व गराउन शिक्षक, विद्यार्थी, अभिभावक,वि.व्य.स सदस्य २,२ जना गरि जम्मा ८ जनाको उपस्थित गराई पूर्व निर्धारित प्रश्नावलीको आधारमा विषयवस्तु सँग सम्वन्धित सुचना संकलन गरिएको थियो । जसलाई अन्तिम निष्कर्षमा पुग्नकालागि विश्लेषण गर्ने प्रयास गरिएको थियो । जस अन्तर्गत प्रयोग गरिएका सामाग्रीहरु क्रमश अनुसूचि १,२,३, र ४ मा देखाइएको छ

### ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

शोधकर्ताले आफ्नो विषयवस्तु अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था शीर्षकमा शक्तिखोर स्रोतकेन्द्र अन्तर्गतका चार विद्यालयमा अध्ययन गर्दा प्राप्त नतिजाहरुलाई सहज र सरल रुपबाट प्रस्तुत गर्नका लागि तालिकीकरण संकेतको माध्ययमबाट देखाउने प्रयास गरिएको छ । भने उक्त बिषयवस्तुको निचोडमा पुग्नको लागि तथ्याङ्कको गहिरिएर बिश्लेषण गरी सकरात्मक तथा नकरात्मक पक्षको खोजी गरी सो समस्या समाधानको लागि आवश्यक उपयोग समेत जानकारी लिई अवलम्बनका तौर तरिकाको सम्वन्धमा समेत ब्याख्या विश्लेषण गर्ने जमर्को गरिएको छ ।

# परिच्छेद चार

## नतिजाको छलफल

शैक्षिक प्रगति जानकारीका लागि जसरी विभिन्न सुचकहरुको प्रयोग गरिन्छ,त्यसरी नै अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागीता दर पहिचानका लागि जम्मा विद्यार्थी मध्ये छात्रा/छात्र कति छन ?, कति विद्यार्थी अतिरिक्त क्रियाकलापमा संलग्न हुन्छन ? संलग्न नहुनका कारणहरु के- के हुन ?,कसरी त्यस्ता विद्यार्थीहरुलाई सहभागीता गराउन सकिन्छ ? जस्ता विषयवस्तुको जानकारी संकलन गरी सजिलै प्रस्तुत गर्नका लागि यस अध्याय अन्तर्गत तथ्याङ्कहरुलाई विभिन्न चित्र तालिका तथा अनुसुचिको माध्यमबाट देखाउने प्रयास गरिएको छ भने प्राप्त तथ्याङ्कहरुलाई व्यवहारिक र बस्तुपरक बनाउनका लागि उदेश्य अनुरुप नतिजाको बिश्लेषण निम्न अनुसार गरिएको छ ।

### ४.१ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागीताको स्थिति

विद्यार्थीहरुको अन्तरनिहित क्षमता प्रस्फुटन गराउने महत्वपूर्ण पक्षको रुपमा अतिरिक्त क्रियाकलापलाई लिने गरिन्छ । अधिकास विद्यार्थीहरु लजालु स्वभाव हुनुका साथै उपयुक्त पोशाक नहुनु , शारिरिक असहजताका कारण अतिरिक्त क्रियाकलापमा भाग लिन संकोच मान्छन । यस अध्ययन क्षेत्रका विद्यालयहरुमा शैक्षिक सत्र २०६९./२०७० मा के-कति विद्यार्थी विद्यालयले आयोजना गरेको क्रियाकलापमा सहभागी भए भन्ने जानकारी संकलन गरिएको छ । नेपाल सरकारले अतिरिक्त क्रियाकलापलाई महत्वपूर्ण र अनिवार्य ठानी पाठ्यक्रममा समेत कार्यान्वयन गरेको वर्तमान समयमा यस प्रति विद्यार्थीको न्यून सहभागिता रहनु कार्यान्वयन पक्षको जटिल समस्याको रुपमा रहेको छ । विद्यार्थीहरुको चौतर्फी विकाशको लागि महत्वपूर्ण अतिरिक्त क्रियाकलापमा सहभागिताको दर पहिचान गर्न शक्तिखोर गा.वि.स. अन्तर्गतका चार नि.मा.वि./मा.वि. को विद्यार्थी संख्या र अतिरिक्त क्रियाकलाप प्रति तिनिहरुको सहभागिता सम्बन्धि जानकारी संकलन गर्ने क्रममा शक्तिखोर स्रोत केन्द्रबाट प्राप्त जानकारी शिक्षक विद्यार्थीको सुझाव आदिलाई आधार मानी अध्ययन गरिएको छ । जसअर्न्तगत अध्ययन क्षेत्रका विद्यालयहरुबाट अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नताको स्थिति निम्न अनुसार पाइयो ।

**तालिका १ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता**

| क.स. | क्रियाकलाप | च.उ.मा.वि. | | | जनशक्ति | | | चक्रदेवी | | | कालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | चित्रकला | १६ | २४ | ४० | ६ | ६ | १२ | ६ | ७ | १३ | १० | १४ | २४ |
| २. | नृत्य | १४ | १६ | ३० | ४ | १० | १४ | १० | १२ | २२ | ८ | १२ | २० |
| ३. | वक्तृत्वकला | १४ | २२ | ३६ | १० | ११ | २१ | ६ | ८ | १४ | ७ | ६ | १३ |
| ४. | निबन्ध | २० | २६ | ४६ | १० | १४ | २४ | ७ | १० | १७ | ८ | १० | १८ |
| ५. | हाजिरी जवाफ | १८ | २२ | ४० | १२ | १० | २२ | ६ | ९ | १५ | १० | १३ | २३ |
| ६. | हिज्जे | १४ | १८ | ३२ | १२ | १३ | २५ | ६ | ९ | १५ | ५ | ६ | ११ |
| ७. | खेलकुद | ३५ | ३० | ६५ | १४ | १२ | २६ | १० | ८ | १८ | ६ | ५ | ११ |
| ८. | कविता | २४ | ३० | ५४ | १४ | १६ | ३० | १४ | २० | ३४ | १२ | १६ | २८ |
| ९. | नाटक | ६ | ६ | १२ | ५ | ४ | ९ | ४ | ३ | ७ | ४ | ४ | ८ |
| १० | सरसफाई | ४० | ५० | ९० | ३० | ३५ | ६५ | २२ | ३२ | ५४ | १८ | ३१ | ४९ |
| जम्मा | | २०१ | २४४ | ४४५ | ११७ | १३१ | २४८ | ९१ | ११८ | २०९ | ८८ | ११७ | २०५ |

*स्रोत : शक्तिखोर स्रोतकेन्द्रको अभिलेख, (२०६९) ।*

शैक्षिक शत्र २०६९ मा कुल विद्यार्थी १७७४ मध्ये ११०७ जना अर्थात् ६.२४ प्रतिशत विद्यार्थीले अतिरिक्त क्रियाकलापमा सहभागिता देखाएको पाइयो । कुल विद्यार्थीमध्ये सबैभन्दा बढि विद्यालयले आयोजना गरेको खेलकुद प्रतियोगितामा १२० जना अर्थात १०.८४ प्रतिशतले भाग लिएको पाइयो भने सबैभन्दा कम नाटकमा ३६ जना अर्थात ३.२५प्रतिशतले भाग लिएको देखियो । कुल सहभागिता मध्ये ४९७ जना छात्र अर्थात ४४.८९ प्रतिशत र ६१० जना छात्रा अर्थात ५५.११ प्रतिशत विद्यार्थीले शैक्षिकशत्र २०६९ मा अतिरिक्त क्रियाकलापमा सहभागिता जनाइएको सूचाङ्क शक्तिखोर स्रोतकेन्द्रबाट प्राप्त भएको थियो ।

**तालिका २  अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता**

| क.स. | क्रियाकलाप | च.उ.मा.वि. | | | जनशक्ति | | | चक्रदेवी | | | कालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | चित्रकला | २० | २८ | ४८ | ७ | ८ | १५ | ६ | ९ | १५ | १२ | १७ | २९ |
| २. | नृत्य | १४ | १८ | ३२ | ६ | १० | १६ | ८ | ११ | १९ | १० | १३ | २३ |
| ३. | वक्तृत्वकला | १८ | २४ | ४२ | ८ | ९ | १७ | ७ | ६ | १३ | ८ | ७ | १५ |
| ४. | निबन्ध | २२ | २४ | ४६ | १२ | १४ | २६ | ९ | ७ | १६ | १० | ८ | १८ |
| ५. | हाजिरी जवाफ | २० | २२ | ४२ | १० | १२ | २२ | ८ | १० | १८ | ११ | १३ | २४ |
| ६. | हिज्जे | १५ | १७ | ३२ | ११ | १३ | २४ | ७ | ९ | १६ | ९ | ६ | १५ |
| ७. | खेलकुद | ३० | २२ | ५२ | १६ | १४ | ३० | १२ | १० | २२ | ८ | ६ | १४ |
| ८. | कविता | २६ | ३४ | ६० | १५ | १८ | ३३ | १४ | १७ | ३१ | १३ | १४ | २७ |
| ९. | नाटक | ८ | ७ | १५ | ६ | ४ | १० | ४ | ३ | ७ | ५ | ३ | ८ |
| १० | सरसफाई | ५० | ७० | १२० | ३० | ४० | ७० | २५ | ३५ | ६० | २० | ३५ | ५५ |
| जम्मा | | २२३ | २६६ | ४८९ | १२१ | १४२ | २६३ | १०० | ११७ | २१७ | १०६ | १२२ | २२८ |

*स्रोत : शक्तिखोर स्रोतकेन्द्रको अभिलेख, (२०७०) ।*

माथिको तालिकाबाट अध्ययन क्षेत्रका विद्यालयहरुका जम्मा विद्यार्थीको अनुपातमा विद्यालयको रेकर्ड अनुसार बार्षिक कार्यतालिकामा उल्लेख भएका अतिरिक्त क्रियाकलापहरुमध्ये चित्रकला , हस्तकलामा ४५ जना छात्र सहभागि थिए भने छात्रातर्फ ६२ जना सहभागि रहेको पाइयो । छात्रा संख्या छात्रको तुलनामा बढि भएको पाइयो भने अन्य क्रियाकलापहरु नृत्य, नाटक, वक्तृत्वकला, निबन्ध र सरसफाई जस्ता कार्यक्रमहरुमा पनि छात्राहरु नै धेरै सहभागि भएको देखियो भने अन्य क्रियाकलापहरु खेलकुदमा ६६ जना छात्र सहभागि हुदा ५२ जना छात्राले सहभागिता जनाएका थिए । नाटकतर्फ २३ जना छात्र सहभागि भए भने १७ जना छात्राले मात्र यस क्रियाकलापमा सहभागि भएका थिए । यसरी खेलकुद र नाटकमा मात्र छात्रको संख्या बढि संलग्न रहेको  देखियो ।

माथिको दुई शैक्षिकसत्रको तुलनात्मक अध्ययन गर्दा पहिलो वर्षको तुलनामा कुल विद्यार्थी संख्या १७७४ बाट घटेर १६८९  मा हुदा अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थी संख्या पनि ११०७ बाट ११९७  मा सिमित हुन पुगेको छ । शैक्षिक सत्र २०६९ मा ११०७ जना अर्थात ६.२४ प्रतिशत विद्यार्थी विद्यालयको यस्ता क्रियाकलापमा सहभागी भएता पनि शैक्षिक सत्र २०६९ मा भने ११९७ जना अर्थात ७.०८ प्रतिशत विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा सहभागी भएका थिए । पहिलो

वर्षको तुलनामा केही प्रतिशत विद्यार्थीहरु यस्ता क्रियाकलापमा सहभागीता बढि जनाएता पनि जसलाई सन्तोषजनक मान्न नसकिने कुरा अध्ययन विद्यालयका शिक्षक तथा प्र.अ.हरुको प्रतिक्रिया थियो । अझ सहभागी मध्ये ४४.८९ प्तिशत छात्र सहभागी हुदाँ ५५.१० प्रतिशत छात्रा सहभागी हुनु र अर्को तर्फ २०७० मा ४५.९४ प्रतिशत छात्रले यस्ता क्रियाकलापमा सहभागीता जनाउदा ५४.०५ प्रतिशत छात्राहरु कुल सहभागी मध्ये संलग्नता जनाएका थिए । जसबाट छात्रको तुलनामा छात्राको सहभागीता बढी हुनु , रुढीबादी सोचबिचारको परिवर्तन र लैंगिक समानताको ज्वलन्त उदाहरण मान्न सकिन्छ भन्ने प्रतिक्रिया स्रोतकेन्द्र विद्यालयका प्र.अ.को थियो । नेपाल सरकारले अतिरिक्त क्रियाकलापलाई महत्वपुर्ण र अनिवार्य विषयवस्तु मानि ठुलो रकम लगानी गरेता पनि ७ प्रतिशत मात्र विद्यर्थी संलग्न हुनु , सन्तोषजनक नभएको प्रतिक्रिया छनौटमा परेका शिक्षकहरुबाट प्राप्त भयो ।

### ४.१.३ विद्यार्थी संख्या सम्बन्धि विवरण

विद्यार्थीहरुको चौतर्फी विकासका लागि शिक्षण सिकाईको क्रम सँगसँगै अतिरिक्त क्रियाकलाप पनि गराउनु पर्दछ । जसले विद्यार्थीलाई अनुसासित बनाउनुका साथै, विषयवस्तु प्रति ध्यान केन्द्रित गराउन, सिकाइलाई दिगो बनाउन, विषयवस्तु लाई सजिलै प्रस्तुत गर्न तथा शारिरिक स्वस्थता प्राप्त गर्नका लागि अतिरिक्त क्रियाकलाप अनिवार्य मानिन्छ । विद्यार्थीहरुमा आत्माविश्वास तथा नेत्रेत्व सीपको विकास गराई आफ्नो क्षमता प्रस्फुटन गराउने भएकोले वर्तमान शिक्षा नीतिमा यसलाई महत्वपुर्ण मानिएको छ तर पनि यस्ता क्रियाकलापमा विद्यार्थी सहभागिता कमै देखिन्छ । भाग्नेदर अत्यन्त बढि छ भने क्रियाकलाप प्रति खासै चासो राखेको पाइदैन विद्यार्थीको यस्तो धारणमा विकास गराई विद्यालयले आयोजना गर्ने खेलकुद प्रतियोगिता,हाजिरी जवाफ,निवन्ध, वादविवाद, वक्तृत्वकला आदि जस्ता क्रियाकलापमा सहभागी गराउन सके अवश्य पनि विद्यार्थीको ब्यक्तित्व विकासमा सहयोग पुग्ने छ । अध्ययनमा संलग्न विद्यालयहरुको जम्मा विद्यार्थी संख्या , सम्बन्धि जानकारी संकलन गर्दा निम्न अनुसारको नतिजा प्राप्त भयो । जसलाई प्रष्टपार्नकोलागि संकेत चिन्ह तालिकिकरण तथा प्रतिशत आदिको माध्यमबाट देखाउने प्रयास गरिएकोछ ।

**तालिका ३ विद्यार्थी संख्या सम्बन्धि विवरण**

| क.स. | विद्यालयको नाम | छात्रा संख्या | छात्रा प्रतिशत | छात्र संख्या | छात्र प्रतिशत | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री चतुर्मुखी उ.मा.वि. | ४२४ | ५१.२० | ४०४ | ४८.७९ | ८२८ |
| २. | श्री जनशक्ति नि.मा.वि. | १८० | ५०.४२ | १५२ | ४९.५८ | ३३२ |
| ३. | श्री चक्रदेवी नि.मा.वि. | १३३ | ४८.५४ | १४१ | ५१.४५ | २७४ |
| ४. | श्री कालिका नि.मा.वि. | ११३ | ४४.३१ | १४२ | ५५.६८ | २५५ |
| जम्मा | | ८५० | ५०.३२ | ८३९ | ४९.६८ | १६८९ |

*स्रोत : शविक्तखोर स्रोतकेन्द्रको अभिलेख, (२०७०) ।*

चितवन जिल्लाको विकट ९ वटा गा.वि.स मध्ये पुर्वी चितवनको शक्तिखोर गा.वि.स. अन्तर्गत रहेका मा.वि./नि.मा.वि. विद्यालयहरुको जम्मा विद्यार्थी संख्या सम्बन्धि जानकारी संकलन गर्ने क्रममा पहाडी विद्यालय भएता पनि विद्यार्थी संख्यामा ८५० जना अर्थात् ५०.३२ प्रतिशत छात्रा र ८३९ जना अर्थात् ४९.६८ प्रतिशत छात्र रहेको अध्ययन गरिरहेको विद्यालयमा रहेको तथ्याङ्क स्रोतकेन्द्रको अभिलेख बाट प्राप्त भयो । जसमध्ये च.उ.मा.वि.मा ८२८ जना मध्ये ५१.२० प्रतिशत छात्रा र ४८.७९ प्रतिशत छात्र रहेका थिए भने क्रमश अन्य जनशक्ति , चक्रदेवी , कालिका , नि.मा.वि.मा छात्रा प्रतिशत ५०.४२ , ४८.५४ , ४४.३१ र छात्र प्रतिशत ४९.५८ , ५१.४५ , ५५.६८ रहेको थियो । चतुर्मुखी उ.मा.वि.मा बाहेक अन्य स्थानका विद्यालयहरुमा जनजाति , समुदायको बहुल्यता रहेका कारण छात्रा विद्यार्थीको संख्या न्युन भएको प्रतिक्रिया सम्बन्धित विद्यालयका प्र.अ.हरुको थियो ।

माथिको तालिकाबाट अध्ययन क्षेत्रका विद्यालयहरुका जम्मा विद्यार्थीको अनुपातमा विद्यालयको रेकर्ड अनुसार बार्षिक कार्यतालिकामा उल्लेख भएका अतिरिक्त क्रियाकलापहरुमध्ये चित्रकला , हस्तकलामा छात्राको संख्या बढि भएको पाइयो भने अन्य क्रियाकलापहरु नृत्य, नाटक, वक्तृत्वकला, निबन्ध र सरसफाई जस्ता कार्यक्रमहरुमा पनि छात्राहरु नै धेरै सहभागि भएको देखियो । अन्य क्रियाकलापहरु खेलकुद , नाटक जस्ता क्रियाकलापमा मात्र छात्रको संख्या बढि देखियो । अध्ययन क्षेत्रका चार विद्यालयहरुमा केटाको तुलनामा केटीको संख्या बढि भएको देख्न सकिन्छ । सुरु सुरुमा छोरीलाई विविध कारणले विद्यालय नपठाएता पनि वर्तमान अवस्थामा चेतना वृद्धिको कारणले विद्यालयमा उपस्थिति भई विद्यालयले संचालन गरेका अतिरिक्त क्रियाकलापमा समेत छात्राहरुको

संलग्नता बढि भएको पाउन सकिन्छ । तर यसलाई मात्र पुर्ण मान्न सकिदैन् । हालसम्म मात्र ७ प्रतिशत छात्र छात्रा मात्र त्यस्ता क्रियाकलापमा सहभागि भएको पाइयो । एकजना छात्राको भनाई अनुसार खेलकुद प्रतियोगितामा भाग नलिनुको कारण छात्राहरुलाई समाजमा खिन्नता उडाउनु हो । कपर्दी, फुटबल, भलिबल, खो-खो, रिलेदौड जस्ता खेलहरुमा शारिरीक असहजताका कारण भाग लिदैनौ, भाग लिएता पनि धेरै विद्यार्थीले जिस्क्याउने भएका कारण लिन चाहने छात्राले पनि नलिएको जानकारी प्राप्त भयो भने मा.वि. तहका विद्यार्थीलाई सोध्दा एस.एल.सी. परीक्षाको तयारी गर्नुपर्ने भएकोले अतिरिक्त क्रियाकलापमा भाग लिन नचाहेको बताए ।

अर्कोतर्फ विद्यालयको सरसफाई कार्यक्रममा छात्र विद्यार्थी सहभागी नभई भाग्ने गरेको पाइयो भने विद्यालयको फुलबारी गोडमेल , कक्षाकोठाको सरसफाई , खेलमैदान जस्ता स्थान सरसफाइर्मा छात्रा विद्यार्थीहरुको सहभागीता बढि भएको देखियो ।

वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगितामा बढि संख्यामा ४६ जना अर्थात ३.६३ प्रतिशत छात्राले भाग लिएको पाइयो भने छात्र संख्या ४१ जना अर्थात ३.४२ प्रतिशत मात्र यस क्रियाकलापमा सहभागी थिए । शारिरीक बल कम गर्नुपर्ने भएकोले यस्ता प्रतियोगिताहरुमा दिमागी प्रयोग गर्दा छात्रको तुलनामा छात्रा संख्या बढि भएको पाइयो भने अन्य बल लगाउने क्रियाकलापमा मात्र छात्रा सहभागीताको दर कम देखियो । यसबाट के बुझ्न सकिन्छ भने अतिरिक्त क्रियाकलापमा सहभागी भएका छात्र/छात्रा मध्ये धेरै संख्यामा एउटै अनुहार दोहोरिएकोले अन्य विद्यार्थीहरुको साथिभाइ र शिक्षकसंगको सम्बन्ध राम्रो रहेछ भन्न सकिदैन साथै उनीहरुको खेलकुद प्रतिको उत्साह नभएको कुरा प्रष्ट हुन्छ । विद्यालयको कार्यक्रममा तिनीहरुको सहभागीता कम हुनुको कारण उनीहरु आफै सक्रिय नहुनु र विद्यालयले तिनीहरुलाई सहभागी गराउने तर्फ जिम्मेवारी बहन नगर्नु हो । विद्यालयको यस्तो कार्यक्रममा विद्यार्थीको विद्यालयमा उपस्थिति दर कम हुनु , शिक्षक विद्यार्थी बिचको सम्बन्ध राम्रो नहुनु , विद्यार्थीलाई पढाइप्रति रुची नभएको कुरा छर्लङ्ग हुन जान्छ । तिनीहरुले विद्यालयको सम्पुर्ण कार्यक्रममा भाग लिएको भए साथिभाई तथा शिक्षकप्रतिको सम्बन्ध मजबुत भई पढाईप्रति रुची बढ्ने थियो । जसले गर्दा अतिरिक्त क्रियाकलापमा समेत सहभागिताको दर बढ्ने गर्दथ्यो ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोच (१९७०) अनुसार अत्याचारमा परेका शोषित पिडित विद्यार्थीहरुको समस्याका बारेमा जनचेतना जगाइ मौनताको संस्कृति तोड्न शिक्षा आर्जन गराउनु पर्छ । यसरी उनीहरु साक्षर भएमा अतिरिक्त क्रियाकलापमा समेत सहभागी बढ्न जान्छ । भावी दिनमा समेत यो संख्या वृद्धि गर्न विद्यालय , विद्यालय परिवार , शिक्षक ,अभिभावक जस्ता सम्बन्धित पक्ष लाग्नु पर्ने देखिन्छ ।

### ४.१.३ अतिरिक्त क्रियाकलापमा छात्र/छात्राको सहभागिता

शक्तिखोर स्रोतकेन्द्र अन्तर्गतका नि.मा.वि./मा.वि. विद्यालयको अभिलेख अनुसार अतिरिक्त क्रियाकलापमा छात्र/छात्रा के कति संलग्न भए भन्ने तुलनात्मक अध्ययन गर्दा निम्न अनुसारको सुचाङ्क प्राप्त भयो ।

**तालिका ३ अतिरिक्त क्रियाकलापमा छात्र/छात्राको सहभागिता**

| क.स. | विवरण | जम्मा संख्या | सहभागी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | छात्र | ८५७ | ५५० | ६.४२ |
| २. | छात्रा | ८९५ | ६४७ | ७.२३ |

*स्रोत : शक्तिखोर स्रोतकेन्द्रको अभिलेख, २०७० ।*

माथिको तालिकामा अध्ययन क्षेत्रका चार विद्यालयहरुमा छात्रा/छात्र बिचको अतिरिक्त क्रियाकलापमा सहभागिताको दर सम्बन्धि तुलनात्मक अध्ययन गर्दा छात्र विद्यार्थीको तुलनामा छात्राहरुको सहभागि प्रतिशत बढि भएको देखियो ५५० जना अर्थात ६.४२ प्रतिशत छात्र विद्यार्थी विद्यालयको कार्यक्रममा सहभागि हुँदा ६४७ जना अर्थात ७.२३ प्रतिशत छात्राहरु यस्ता कार्यक्रममा भाग लिएको पाइयो । जुन तथ्याङ्क विश्लेषण गर्दा नेपाली समाजमा शैक्षिक चेतनाको वृद्धि हुदै गएको प्रतिफल हो भने सम्बन्धित चार विद्यालयका प्र.अ.हरुको थियो । शैक्षिकवर्ष २०६९ मा अध्ययन क्षेत्रका जम्मा विद्यार्थी मध्ये ६८७ जना छात्रा र ५५०जना छात्रले विद्यालयमा भएको वर्षभरिको १० अतिरिक्त क्रियाकलापमा भाग लिएको देखियो । वर्तमान अवस्थामा समेत अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता यतिको हुनु ज्यादै न्युन भएको प्रतिक्रिया छनौटमा परेका शिक्षकबाट पाइयो । सुरु सुरुमा छोरीहरुलाई पढाउनु हुदैन भन्ने अभिभावकहरुको धारणाका कारण विद्यालयमा भर्ना गर्न नचाहनु अतिरिक्त क्रियाकलामा विद्यार्थीको संलग्नता कमी हुनुको प्रमुख

आधार भएको जानकारी १ जना शिक्षकको थियो । वर्तमान समयमा समेत अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता कमी देखिनुमा विद्यालय प्रशासनले कडाईका साथ लागु नगराउनु , शिक्षकको थकाई मार्ने घण्टी हुनु , यसप्रति अभिभावकले नकरात्मक सोच राख्नु, खेलकुद पोसाक नहुनु विद्यार्थीले लाज संकोच मान्नु जस्ता कारणले गर्दा अतिरिक्तक्रियाकलाप कार्यान्वयनमा समस्या आएको सामुहिक छलफलबाट निश्कर्ष पाउलो फ्रेरेको सिद्धान्त (१९७०) अनुसार स्थानिय अभिभावक सचेत भई समाज शशक्तिकरण द्धारा स्थानिय अभिभावकमा जनचेतनामा वृद्धि भई विद्यालयमा छात्रा विद्यार्थीको क्रमश : वृद्धि हुदै गएको कुरा शिक्षकहरुबाट पाइयो भने अतिरिक्त क्रियाकलापमा भाग लिन नचाहने विद्यार्थीहरु पनि क्रमश : सोचमा परिवर्तन भई यसको संख्यामा वृद्धि भएको कुरा अध्ययनबाट जानकारी प्राप्त भयो ।

### ४.१.४ क्रियाकलाप प्रति शिक्षकको धारणा

अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई संलग्न गराईनु हुन्छकी हुँदैन भन्ने विषयवस्तु प्रति शिक्षकहरुको धारणा संकलन गर्ने क्रममा निम्न अनुसारको नतिजा प्राप्त भयो ।

**तालिका ४ क्रियाकलाप प्रति शिक्षकको धारणा**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अतिरिक्त क्रियाकलापमा संलग्न गराउनु पर्छ । | ४८ | ९२.३१ |
| २. | संलग्न गराइनु हुन्न । | ४ | ७.६९ |
| | जम्मा | ५२ | १०० |

*स्रोत : शक्तिखोर स्रोतकेन्द्रको अभिलेख, (२०७०) ।*

माथिको तालिकाबाट अध्ययन क्षेत्रका विद्यालहरुमा रहेका २० शिक्षिका र ३२ शिक्षकहरु मध्ये मौखिक रुपमा विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउनु हुन्छकी हुदैन भनी जानकारी संकलन गर्दा ९२ प्रतिशत शिक्षकले विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप गराउनुपर्ने र ७.६९ प्रतिशत शिक्षकले विद्यार्थीहरुलाई यस्ता क्रियाकलापले स्वतन्त्र बनाई पढाई प्रति ध्यान नदिने हुँदा गराउन नहुने जवाफ पाइएको थियो ।

### ४.१.५ अतिरिक्त क्रियाकलापप्रति अभिभावकको धारणा

अतिरिक्त क्रियाकलाप जसले विद्यार्थीहरुमा मानसिक स्वस्थता एंव अनुशासित वनाउनुका साथै सिकाइलाई प्रभावकारी एंव दिगो बनाउन सहयोगी गरी उपयुक्त ज्ञान सीपको विकास गराउनु पर्दछ । अध्ययन क्षेत्रमा सम्लग्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकको विद्यालयमा पढाइको अलवा अन्य क्रियाकलाप गर्न हुन्छकी हुदैन भनि जानकारी संकलन गर्दा निम्न अनुसारको तथ्याङ्क प्राप्त भयो ।

**तालिका ५ अतिरिक्त क्रियाकलापप्रति अभिभावकको धारणा**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अध्यापन मात्र गराउनु पर्ने | १० | ५५.५५ |
| २. | अध्ययन अध्यापनको अलवा अन्य क्रियाकलाप गर्नु पर्ने | ८ | ४४.४५ |
| जम्मा | | १८ | १०० |

*स्रोत : शक्तिखोर स्रोतकेन्द्रको अभिलेख (२०७०) ।*

अतिरिक्त क्रियाकलापमा आफ्ना बाबुनानीहरुलाई सहभागी गराउनुपर्ने कि विद्यालयमा पढाउने मात्र काम गर्ने भन्ने जानकारी संकलन गर्दा छनौटमा परेका १८ जना अभिभावकहरु मध्ये ८ जना अर्थात ४४.४५ जनाले विद्यालयमा खेल्न नपठाई पढाउन पठाएको जवाफ दिए भने बाकी १० जना अर्थात ५५.५५ प्रतिशतले पढाइको अलवा अन्य अतिरिक्त क्रियाकलाप गराई मनोरञ्जनका साथ अध्यापन गराउनुपर्ने जवाफ दिए ।

अतिरिक्त क्रियकलाप जसले विद्यार्थीहरुमा अन्तर्निहित क्षमताको प्रस्पुटित गराइ अनुशाशित तथा स्वस्थ्य बनाउने गर्दछ । यहि कुरालाई मध्ये नजर गरि नेपाल सरकारले यस्ता क्रियाकलापलाई विद्यालयमा अनिवार्य गराएका छ । तरपनि अध्ययन क्षत्रका विद्यालयहरुबाट अतिरिक्त क्रियाकलापमा शैक्षिक सत्र २०६९ मा ६.४२ प्रतिशत र शैक्षिक सत्र २०७० मा ११९७ अर्थात ७.२३ प्रतिशत मात्र विद्यार्थी सहभागीता रहेको पाइयो । यस्तो हुनुका प्रमुख कारक तत्तवको रुपमा अशिक्षा  रुढीबादी सोचबिचार , भौगोलिक विकटता , खेलकुद पोशाकको अभाव , विद्यार्थीको लाज संकोच मान्ने प्रवृति , शिक्षकहरुले अतिरिक्त क्रियाकलापलाई गहन रुपमा नलिनु , विद्यालय प्रशाशनले कडाइको रुपमा कार्यन्वयन गराउन नसक्नु यसका प्रमुख कमजोरीहरु अध्ययनको क्रममा भेटियो भने जसलाई समाधान गर्न विद्यालयमा छात्रवृद्धिको ब्यवस्था पोशाक, उच्च तहमा आरक्षण लगायत

अभिभावकहरुमा चेतनामुलक कार्यक्रम र रोजगार विद्यालय सके भावि दिनमा पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेड एप्रोच अनुसार (१९७०) ले समुदाय साक्षर बनाउने रणनिति लिए जस्तै प्रत्येक विद्यालयको अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्न जाने देखिन्छ ।

यसरी यस सिद्धान्त अनुसार समुदायका निरक्षर व्यक्तिहरुलाई साक्षरबनाउने रणनिति लिएजस्तै विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागि हुन नचाहने विद्यार्थीहरुलाई पनि सक्रियरुपमा सहभागि गरउन यस सिद्धान्तले सहयोग पुऱ्याउने भएकोले सिद्धान्त र विषयवस्तु मेलखाएको देखिन्छ जसको प्रतिफलस्वरुप अवश्य पनि विद्यालयको अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्न जानेछ ।

**४.२. अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागितामा कमी ल्याउने तत्वहरु**

अतिरिक्त क्रियाकलापमा विद्यार्थी संम्लग्नतालाई नेपाल सरकारले अनिवार्य गरिनुपर्ने निर्णय गरेता पनि नेपाल जस्तो गरिब विकासोन्मुख तथा अशिक्षित सम्भव देखिएको छैन यसर्थ कमै मात्रामा यस्ता कार्यमा संलग्न हुन्छन भने संलग्न हुनेहरु पनि प्राय गरि एउटै व्यक्ति पटक- पटक दोहोरिने गर्दछन् भने प्रतिक्रिया सम्बन्धित विद्यालयका शिक्षक तथा प्र.अ.को थियो । जसलाई कमी ल्याउनका लागी शिक्षक तथा प्र.अ. बाट निम्न उपाय अपनाउन सकिने प्रतिक्रिया पाइयो ।

**४.२.१. विद्यार्थीको लाज संकोच मान्ने प्रवृति :**

अतिरिक्त क्रियाकलाप जसले विद्यार्थीहरुको अन्तर्निहित क्षमता प्रस्फुटित गराउने गर्दछ । के कारणले यस्ता कार्यक्रममा संलग्न हुन चाहदैन भनि सोधिएको प्रश्नमा शिक्षक तथा विद्यार्थीबाट उनिहरुमा लाज मान्ने स्वभावका कारण अतिरिक्त क्रियाकलापमा सहभागी हुन चाहदैनन् । सहभागी भएपनि विद्यालयले आयोजना गर्ने यस्ता क्रियाकलापहरुमा विद्यार्थी संलग्नता ज्यादै न्युन हुन्छन् । यस्तो प्रवृतिमा परिवर्तन गराउनका लागी विद्यार्थीहरुमा लाज संकोच मान्ने बानिमा सुधार गर्नुपर्ने प्रतिक्रिया शिक्षक तथा छनौटमा परेका विद्यार्थीहरुबाट जवाफ पाइयो ।

**४.२.२. लैंगिक असमानता**

रुढिबादी सोचबिचारमा अल्झिएको नेपाली समाजमा छोरा छोरीमा ठूलो विभेद गरेको पाइन्छ । छोरालाई महङ्गो विद्यालयमा भर्ना गर्दछन् भने छोरीलाई सामान्य विद्यालयमा समेत पढ्ने अवसर पाउदैन । छोरालाई धन सम्पत्ति ठान्छन् भने छोरीलाई अर्काको घर जाने जात अनि छोरी पढाएमा

महङ्गो ज्वाँई खरिद गर्नुपर्ने सोचविचारका कारण कमै मात्रामा छोरीलाई विद्यालय पढाउछन् र विद्यालय छाड्ने दर पनि बढि हुन्छ । यसर्थ उनीहरु विद्यालयमा उपस्थिति दर कम भएका कारण अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता कम भएको देखियो । छनोटमा परेका शिक्षक तथा अभिभावकहरु मध्ये अतिरिक्त क्रियाकलापम विद्यार्थी सहभागीताको अवस्था कस्तो छ भनि सोधिएको प्रश्नमा विद्यार्थी संख्याको आधारमा यस्ता क्रियाकलापमा संलग्नता अत्यन्त कम रहेको जवाफ पाइयो भने १० अभिभावकलाई तपाईको बाबुनानीले विद्यालयमा आयोजना गरेको कुनै क्रियाकलापबाट कुनै पुरस्कार पाएको छ/छैन भनि प्रश्न गर्दा २ अभिभावक बाट  मात्र कपि र डिस्नेरी पाएको जवाफ पाइयो भने अन्यबाट क्रियाकलापमा नै भाग नलिएको कुरा बताउनु भएको थियो । छात्रा विद्यार्थीको शारिरीक संरचना अभिभावक तथा शिक्षक शिक्षिकाबाट प्राप्त जानकारीबाट विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापहरुमा छात्रा विद्यार्थीको शारिरीक संरचना असहज हुने भएकोले उनिहरु प्रायगरी यस्ता क्रियाकलापमा भाग लिने नगरेको पाइयो ।

### ४.२.३.पोशाक

चितवन जिल्लालाई विकसित एवंम सुगम जिल्लाको रुपमा चिनिन्छ तरपनि यसका ९ गा.वि.सहरु अत्यन्त विकट छन् । (स्रोत जि.वि.स. चितवन) जसमध्ये शक्तिखोर गा.वि.स.पनि एक हो । यस गा.वि.स. अन्तर्गतका ३ नि.मा.वि. र १ मा.वि. विद्यालयहरुमा

विद्यालयले संचालन गर्ने अतिरिक्त क्रियाकलापहरुमध्ये खेलकुद प्रतियोगितामा किन विद्यार्थीहरुको सहभागिता न्यून हुन्छ भनि सोधिएको प्रश्नमा छनोटमा परेका २० विद्यार्थीमध्ये १२ विद्यार्थीले उपयुक्त पोशाकको अभाव भएको जानकारी दिए भने अन्यले आफ्नै अन्तर आत्मादेखि ईच्छा नभएकोले सहभागी नभएको कुरा व्यक्त गरेको पाइयो । यसर्थ अध्ययन क्षत्रका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापप्रति विद्यार्थी सहभागिता न्युन हुनुमा विद्यालयले कुनैपनि खेलकुदका पोसाक व्यवस्था नगर्नु देखियो भने जसलाई वृद्धि गर्न सम्बन्धित विद्यालयहरुले छात्र/छात्राका लागि खेलकुद पोसाकको व्यवस्था गर्नुपर्ने निश्कर्ष अभिभावक , शिक्षक र विद्यार्थीको सामुहिक छलफलबाट प्राप्त भयो ।

### ४.२.४. अभिभावकको आर्थिक स्थिति

अभिभावक तथा शिक्षक शिक्षिकाबाट प्राप्त प्रतिक्रियामा मानिसहरुको आर्थिक स्थिति कमजोर भएका कारण, पहिलेकै परम्परागत पेशाका लागि हातमुख जोड्नुपर्ने समस्याको कारण शिक्षालाई भन्दा न्य पक्षलाई बढि महत्व दिएका कारण विद्यालय पठाउनुको सट्टा अन्य काममा लगाउने गरेका

छन् । जसका कारण विद्यालयमा उपस्थिती न्युन भई अतिरित्त क्रियाकलापमा समेत सहभागी कम हुने गरेको पाइयो ।

अर्को तर्फ अभिभावकको वेरोजगारीका कारण आफ्ना बावुनानीहरुलाई विद्यालयमा आवश्यक शैक्षिक सामग्री, पोशाक खरिद गर्न सक्दैनन् जसका कारण विद्यालयमा जान पाउदैन जसका कारण विद्यालयले आयोजना गर्ने यस्ता कार्यक्रममा सहभागी नभएको पाइयो ।

शिक्षक शिक्षिकाले दिएको प्रतिक्रियाको आधारमा मानिसहरुमा शैक्षिक चेतनाको कमिका आधारमा शिक्षाको मर्म बुझेका हुदैनन् । शैक्षिक वेरोजगारका कारण शिक्षित व्यक्ति पनि घरमा नै बस्नुपर्ने समस्याका कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुको सट्टा ईट्टा भट्टा, होटल ,श्रमिक जस्ता क्षेत्रमा लगाउने गरेको पाइयो भने अर्को तर्फ अशिक्षित अभिभावकका कारण आफ्नो बाबुनानीहरुको विवाह सानै उमेरमा गरिदिने चलनका कारण आफ्नो अध्ययन पुरा गर्न नसकी विचमानै छाड्ने गरेकोले अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता घट्न जान्छन् भनी प्रतिक्रिया छलफलमा सहभागी २० शिक्षकहरुले दिएको पाइयो ।

### ४.२.५. साथी/संगत

शिक्षक शिक्षिकाहरुले दिएको प्रतिक्रिया अनुसार विद्यार्थीहरु खराब साथिको संगतमा लागेको हुन्छन् । साथिहरुको लहलहैमा परि जुवा तास खेल्ने गर्छन, धुम्रपान मध्येपानमा रमाउछन् । चोरीडकैती जस्ता कार्यमा लाग्छन् । यसका कारण एका तर्फ विद्यालय जादैनन् भने विद्यालय गएता पनि बिचमा नै कक्षा छाड्ने गर्छन जसले गर्दा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता कम हुन जान्छन् भनी सहभागीमा संलग्न २० शिक्षक , शिक्षिकाहरुले आफ्नो प्रतिक्रिया जनाएका थिए ।

### ४.२.६. छात्राहरुको शिक्षा आर्जन प्रति सम्बन्धित निकायको दृष्टिकोण

गरीब मानिसहरु आर्थिक , सामाजिक र राजनैतिक रुपले धेरै पछाडि परेका छन् । एकातर्फ उनिहरुमा अध्ययनप्रति कुनै चासो हुदैनन् भने राज्य र कुनै संघसंस्थाले उनिहरुको अध्ययन कार्यमा सहयोग पुऱ्याई सभ्य नागरिक बनाउने तर्फ ध्यान दिइदैनन् । जसले गर्दा अतिरिक्त क्रियाकलापमा उनिहरुको सहभागिता कम हुन जान्छ भन्ने प्रतिक्रिया छात्र र अभिभावकहरुबाट पाइयो ।

छात्राहरुको माध्यामिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता कम हुनुको कारणहरुमा अभिभावकहरु वेरोजगार, विद्यालय पोशाक, किताब, कापी, कलम किन्न नसक्न, आर्थिक कठिनाई,

जग्गा नभई बिना धितो ऋणको ब्यवस्था नहुनु, हातमुख जोड्ने समस्या, अभिभावकहरुमा शिक्षाको कमी, आमावावुले लिएको ऋणवाट मुक्त हुन नपाएका, छात्राहरुलाई कुनै संघसंस्थावाट विद्यालय जान कुनै सहयोग नभएको, अभिभावकहरुबाट मादक पदार्थ सेवन गरी घरायसी कलह र झै झगडा जस्ता कारणहरु रहेको पाइयो ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोच (१९७०) अनुसार समाजमा पछि परेका ब्यक्तिहरुलाई शिक्षाका मार्फत मूल धारमा ल्याउने उनिहरुको समस्याको खोजी गरी जनचेतना जगाइ सचेत बनाउने रहेको छ । यस अध्ययनमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता कम हुनुकाकारणपत्ता लगाई उनिहरुको सहभागिता बढाउने तर्फ जोड दिनुले सिद्धान्तसंग सहमत भएको देखिन्छ । आर्थिक स्थिति कमजोर, घरायसी कामको बोझ, कम उमेरमा विवाह, विद्यालयको फिस तिर्न नसक्नु , सन्तान संख्या बढि हुनु, महिलाहरुप्रति दुरब्यवहार हुनु, योग्य शिक्षकको अभाव, शिक्षकले दिने दण्ड सजाय जस्ता कारणले गर्दा विद्यालय छाड्न पुग्छन् जसले गर्दा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता कम हुन पुग्छन् । भनी प्रतिक्रिया छलफलमा सहभागी १० अभिभावक र प्र.अ.को थियो ।

### ४.३ अतिरिक्त क्रियाकलापले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

नेपालको ८३ प्रतिशत मानिसहरु ग्रामिण क्षेत्रमा बसोबास गर्छन स्रोत - केन्द्रिय तथ्याङ्क विभाग ( २०६८) । उनिहरु आर्थिक, सामाजिक, शैक्षिक जस्ता सम्पुर्ण पक्षबाट पिछडिएका हुन्छन् । पितृसतात्मक परिवार भएका कारण महिलाहरु पिडित अवस्थामा छन् । चेतनाको कमीले गर्दा धेरैजसो छोरीहरुलाई विद्यालय पठाउदैनन् । विद्यालय भर्ना भएका छात्र-छात्राहरु पनि माध्यामिक तहसम्म पुग्दा नपुग्दै कक्षा छाड्ने गर्दछन् । अध्ययन क्षेत्रका विद्यालयमा पुगि उदेश्य अनरुपको विभिन्न तथ्याङ्क संकलन गर्न माध्यामिक स्रोतको रुपमा विद्यालयको एस.आइ.पी तथा अभिलेखहरुलाई आधार मानि निम्नअनुसार  तालिकिकरण गरी विश्लेषण गरिएको छ ।

#### ४.३.१ विद्यार्थी भर्नाको अवस्था

पहाडी विद्यालय भएका कारण संख्यात्मक रुपमा विद्यार्थी संख्या कमी भएता पनि स्थानिय अभिभावकहरुमा परिवार संख्या बढि, चेतनाको कमी,आर्थिक समस्या जस्ता कारणले सेवा क्षेत्रका विद्यालय उमेरका विद्यार्थी पनि भर्ना हुन नआएको भेटियो । भर्ना भएका विद्यार्थी संख्याको अध्ययन गर्दा शैक्षिक वर्ष २०६९ र २०७० मा निम्न अनुसार विद्यार्थी भर्ना भएको पाइयो ।

**तालिका ६ विद्यार्थी भर्नाको अवस्था**

| क.स. | विद्यालयको नाम | विद्यार्थी संख्या २०६९ | | | विद्यार्थी संख्या २०७० | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | श्री चतुर्मुखी उ.मा.वि. | ४२६ | ४७९ | ९०५ | ४०४ | ४२४ | ८२८ |
| २. | श्री जनशक्ति नि.मा.वि. | १७३ | १५१ | ३२४ | १५२ | १८० | ३३२ |
| ३. | श्री चक्रदेवी नि.मा.वि. | १२० | १४७ | २६७ | १४१ | १३३ | २७४ |
| ४. | श्री कालिका नि.मा.वि. | १३६ | १४२ | २७८ | १४२ | ११३ | २५५ |
| जम्मा | | ८५५ | ९१९ | १७७४ | ८३९ | ८५० | १६८९ |

*स्रोत : विद्यालयको अभिलेख (२०६९/०७०) ।*

पहाडी गा.वि.स. भएतापनि शक्तिखोर अन्तर्गतका ४ नि.मा.वि. / मा.वि. विद्यालयहरुमा शैक्षिक सत्र २०६९/७० मा जम्मा विद्यार्थी भर्ना सम्बन्धि गरिएको अध्ययनमा विद्यालयको रेकर्ड अनुसार चार विद्यालयमा शैक्षिक सत्र २०६९ तर्फ १७७४ जना भर्ना भएको देखियो भने शैक्षिक सत्र २०७० मा १६८९ जना विद्यार्थी मात्र भर्ना भएको पाइयो । स्थानिय अभिभावकहरुको चेतनामा वृद्धि भएका कारण प्रजननदर घट्दै जानाले विद्यालयको विद्यार्थी संख्यापनि घट्दै गएको जवाफ सम्बन्धित विद्यालयका शिक्षक र प्र.अ. बाट प्रप्त भएको पाइयो ।

### ४.३.२. विद्यार्थीको कक्षा छाड्ने दर

विद्यार्थीको माध्यामिक शिक्षा पुरा नगरी बिचमा नै कक्षा छाड्ने कारणको रुपमा आर्थिक अवस्थालाई लिन सकिन्छ । विद्यालयमा उनीहरुलाई कतिपयले तल्लो जातका भनेर गिज्याउने तथा गरिबीको कारण घरायसी काममा लगाउने गर्दछन् । घरदेखि विद्यालय सम्मको दुरी बढी हुनाले समेत विद्यार्थीले कक्षा छाड्ने गर्दछन् । यसका अलवा शैक्षिक सामग्रीको अभाव , कम उमेरमा विवाह , जनचेतनाको कमी आदिका कारण कक्षा छाड्नेदर बढि भएको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ७ विद्यार्थीको कक्षा छाड्ने दर**

| क्र.स. | विद्यालयको नाम | शैक्षिक सत्र २०६९ मा कक्षा छाड्ने संख्या | | | शैक्षिक सत्र २०७० मा कक्षा छाड्ने संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री चतुर्मुखी उ.मा.वि. | ५१ | ६० | १११ | ४८ | ५३ | १०१ |
| २. | श्री जनशक्ति नि.मा.वि. | १५ | १८ | ३३ | १३ | २० | ३३ |
| ३. | श्री चक्रदेवी नि.मा.वि. | १८ | १८ | ३६ | २० | १६ | ३६ |
| ४. | श्री कालिका नि.मा.वि. | १० | ४ | १४ | १२ | १८ | ३० |
| | जम्मा | ९४ | १०० | १९४ | ९३ | १०७ | २०० |

*स्रोत : विद्यालयको अभिलेख, २०६९/०७० ।*

कक्षा छाड्ने दरसम्बन्धी अध्ययन क्षेत्रका विद्यालयहरुमा गरिएको सर्वेक्षणबाट शैक्षिक सत्र २०६९ मा ९४ जना केटी र १०० जना केटा गरि कुल १९४ जनाले विद्यालय छाडे भने शैक्षिक सत्र २०७० मा ९३ जना केटी र १०७ जना केटा गरि कुल २०० जनाले कक्षा छाडेको तथ्याङ्क प्राप्त भयो । जसमा १०.२२ प्रतिशत छात्राहरुले २०६९ मा र १०.९४ प्रतिशत छात्राहरुले २०७० मा कक्षा छाडे भने शैक्षिक सत्र २०६९ मा ११.६९ प्रतिशत र २०७० मा १२.७५ प्रतिशत छात्रहरुले कक्षा छाडी अन्तिम परिक्षामा सम्मिलित नभएको तथ्याङ्क प्राप्त भयो । यसरी शिक्षा क्षेत्रमा सरकारले ठुलो रकम लगानी गर्दा समेत कक्षा छाड्ने दरमा कमी नहुनु , स्थानिय अभिभावकको अज्ञानता , गरिबी का कारण हो भन्ने प्रतिक्रिया अध्ययन क्षेत्रका विद्यालय प्र.अ.बाट प्राप्त भयो ।

माथिको प्राप्त नतिजाको विश्लेषण गर्ने क्रममा अध्ययन क्षेत्रका विद्यालय , शिक्षक ,विद्यार्थी अभिभावकहरुबाट प्राप्त जानकारी अनुसार वर्तमान समयमा नेपाल सरकारको ठुलो रकम शिक्षा क्षेत्रमा लगानी भएको अवस्थामा समेत कक्षा छाड्ने दर यतिको हुनुमा स्थानिय अभिभावकको अज्ञानता , लैंगिक भेदभाव , गरिबी , घरदेखि विद्यालयसम्मको दुरी जस्ता कारण मान्न सकिन्छ भन्ने यसलाई निराकरण गर्न विद्यालयमा खाजा कार्यक्रम संचालन गरिनुपर्ने विद्यार्थीलाई शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने , गरिब विद्यार्थीका लागी होस्टेलको व्यवस्था गर्न सके विद्यार्थीको कक्षा छाड्ने दरमा स्वत कमी ल्याउन सकिने प्रतिक्रिया छनोटमा परेका अभिभावक तथा शिक्षकबाट प्राप्त भयो ।

### ४.३.३.विद्यार्थीको कक्षा दोहोऱ्याउने दर

अभिभावक र छात्रमाहरुमा शैक्षिक चेतनाको कमीका कारण एकातर्फ विद्यालय भर्ना हुन चाहदैनन् भने भर्ना भएता पनि विद्यालयमा अनियमित हुन्छन् । घरायसी कार्यको बोझले विद्यालयको गृह कार्य गर्ने गर्दैनन् । घरमा पनि पढाइको वातावरण हुदैन यसरी उनीहरु पढाइमा कमजोर बन्दै जान्छ बार्षिक परीक्षामा सामेल भएता पनि असफल हुन पुग्छन् । जसका कारण कक्षा दोहोऱ्याउन बाध्य हुनु पर्छ । जसले गर्दा नेपाल सरकारको लगानी समेत खेर गई दोहोरो खर्च गर्नु पर्ने हुन्छ । नमुना छनौटमा परेका विद्यालयहरुमा शैक्षिक बर्ष २०६९/०७० तर्फ कक्षा दोहोऱ्याउने संख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका ८ कक्षा दोहोऱ्याउने संख्या**

| क्र. स. | विद्यालयको नाम | शैक्षिक सत्र २०६९ मा कक्षा दोहोऱ्याउने संख्या | | | शैक्षिक सत्र २०७० मा कक्षा दोहोऱ्याउने संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री चतुर्मुखी उ.मा.वि. | १६ | ३० | ४६ | १३ | २५ | ३८ |
| २. | श्री जनशक्ति नि.मा.वि. | १२ | १८ | ३० | ७ | ११ | १८ |
| ३. | श्री चक्रदेवी नि.मा.वि. | ४२ | ५६ | ९८ | ३६ | ३७ | ७३ |
| ४. | श्री कालिका नि.मा.वि. | १८ | २२ | ४० | १० | ७ | १७ |
| | जम्मा | ८८ | १२६ | २१४ | ६६ | ८० | १४६ |

*स्रोत : विद्यालयको अभिलेख (२०६९/०७०) ।*

शक्तिखोर गा.वि.स.का नि.मा.वि./मा.वि. मा कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धि जानकारी संकलन गर्दा शैक्षिक सत्र २०६८ तर्फ ८८ जना छात्रा र १२६ जना छात्रहरुले कक्षा दोहोऱ्याएको पाइयो भने शैक्षिक सत्र २०७० मा ६६ जना छात्र र ८० जना छात्र गरी १४६ जना विद्यार्थीले कक्षा दोहोऱ्याउने गरेको तथ्याङ्क प्राप्त भयो जसबाट छात्र विद्यार्थीहरुमा बढि स्वतन्त्रता र पारिवारीक मायाँका कारण कक्षा दोहोऱ्याउनेको संख्या बढि देखियो भने छात्राहरुमा यो संख्या केही हदसम्म भएपनि कमै रहेको पाइयो । वर्तमान समयमा समेत कक्षा दोहोऱ्याउने दरमा कमी नहुनुमा अभिभावकको अज्ञानता , कम उमेरमा विवाह , घरदेखि विद्यालय सम्मको दुरी बढि हुनु , सरकारको स्वतन्त्र शिक्षानीति लागु गरिनुनै कक्षा दोहोऱ्याउने दर घट्न नसक्नुको प्रमुख कारण हो भन्ने प्रतिक्रिया छनौटमा परेका अभिभावक तथा शिक्षकबाट प्राप्त भयो ।

### ४.३.४ विद्यार्थीको कक्षा उर्तिण गर्ने दर

विद्यालय एउटा सामाजिक संस्था हो । यसमा विभिन्न वर्ग , जात ,पेशा र समुदायका विद्यार्थीहरु अध्ययन गर्ने गर्छन् । विद्यालयमा छात्राहरुको तुलनामा छात्राहरुको तह पार गर्ने दर बढि हुन्छ । भने अशिक्षित समुदायमा यो प्रचलन रहिरहन्छ ।

जन्मैदेखि कोहीपनि तेज र कमजोर हुदैन । वातावरणमा परेर नै मानिस तेज र कमजोर हुन पुग्छन् । वातावरण राम्रो पाएमा तिक्ष्ण बुद्धिका हुन्छन भने खराब संगतले कमजोर हुन पुग्छन् । घर पढाइमा पढाइको वातावरण भएमा सबै परिवार शिक्षित छन भने उक्त अभिभावकको छोरा/छोरी पनि तेज बुद्धिका हुन्छन् । समयमै राम्रो शिक्षा हासिल गराउन सके देशको लागि समेत दक्ष जनशक्ति तयार भई देश विकासमा ठुलो सहयोग पुग्ने गर्दछ । यस अर्थ शिक्षामा ठुलो लगानी गरी उज्वल भविष्य निर्माण गर्न पढाइको वातावरण बनाई आपनो सन्तानलाई सभ्य बनाउनुपर्ने हुन्छ । नमुना छनौटमा परेका विद्यालयहरुमा शैक्षिक बर्ष २०६९ तर्फ कक्षा पार गर्ने विद्यार्थीको संख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका ९ विद्यार्थीको कक्षा उर्तिण गर्ने दर**

| क.स | विद्यालको | कक्षा ५ | | | कक्षा ८ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | भर्ना | प.सामेल | पास | भर्ना | प.सामेल | पास | भर्ना | प.सामेल | पास |
| १. | चतुर्मुखी उ.मा.वि. | ६७ | ६४ | ५९ | ८४ | ७८ | ७८ | १२८ | १०४ | १०४ |
| २. | जनशक्ति नि.मा.वि. | ४१ | ३७ | १९ | ४२ | ३८ | ३८ | - | - | - |
| ३. | चक्रदेवी नि.मा.वि. | ३२ | २० | २१ | १२ | १० | १० | - | - | - |
| ४. | कालिका नि.मा.वि. | ३६ | ३४ | ३१ | ३६ | ३२ | २९ | - | - | - |
| | जम्मा | २३६ | १५५ | १३० | १७४ | १५८ | १५५ | १२८ | १०४ | १०४ |

*स्रोत : विद्यालयको अभिलेख (२०६९/०७०) ।*

अध्ययन क्षेत्रका विद्यालयहरुमा विद्यार्थीको कक्षा पारगर्ने दर सम्बन्धि जानकारी संकलन गर्दा कक्षा ५ मा भर्ना भएका २३६ विद्यार्थी मध्ये परीक्षामा १५५ जना मात्र देखियो भने बाकि ८१ जना कक्षा दोहोऱ्याउने र छाड्ने विद्यार्थी भेटियो भने कक्षा ८ मा , १७४ जना भर्ना भएका मध्ये १५८ जना परीक्षमा सामेल भए भने १८ जना परीक्षामा सहभागी भएनन् भने कक्षा १० मा भर्ना भएका १२८ मध्ये १०४ मात्र सामेल भई परीक्षा उतिर्ण भए भने २४ जना कक्षा छाडेको पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरुमा प्राथमिक तहको कक्षा ५ मा परीक्षमा सामेल भएका १५५ मध्ये १३० जना अर्थात ८३.८७ प्रतिशत , नि.मा.वि. तहमा १५८ जना मध्ये १५५ जनाले सो तहको कक्षा ८ उर्तिण

गरेको र सरकारको कक्षा १० को टेष्ट परीक्षमा विद्यार्थी फेल नगर्ने रणनीति अनुसार १०४ जना अर्थात १०० प्रतिशत उर्तिण भएको तथ्याङ्क स्रोतकेन्द्रको अभिलेखबाट प्राप्त भयो ।

### ४.३.५ अनुर्तिण हुने विद्यार्थी संख्या

अधिकांश विद्यार्थीहरुको परिवारमा विभिन्न समस्याहरुको कारणले पढाइको वातावरण हुदैन । छात्राहरुमा चेतनाको अभावले गर्दा कक्षामा नियमित रुपले उपस्थित नभई पढ्नमा कमजोर हुन्छन् । जसले गर्दा कक्षाको अन्तिम परीक्षामा तहपार गर्न सकेको हुदैन । तह पार गर्न नसकेका विद्यार्थीहरुमा कतिपयले विद्यालय नै छाडिदिन्छ भने कतिपयले कक्षा दोहोऱ्याउने गर्छन कक्षा दोहोऱ्याउने छात्राहरुले अर्को विद्यार्थीको ठाँउ ओगट्ने भएकोले तिनीहरुको लागी राज्यलाई दोहोरो लगानी गर्नुपर्ने हुन्छ ।

नमुना छनौटमा परेका विद्यालयका माध्यामिक तहमा शैक्षिक वर्ष २०६८/०६९ मा तह पार नगर्ने विद्याथीसंख्या विवरण तालिकामा देखाइएको छ ।

**तालिका १० अनुर्तिण हुने विद्यार्थी संख्या**

| शैक्षिक | कक्षा ५ | | | कक्षा ८ | | | कक्षा १० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | भर्ना | प.सामेल | फेल | भर्ना | प.सामेल | फेल | भर्ना | प.सामेल | फेल |
| २०६८ | २८७ | १९५ | ६३ | १९६ | १७३ | ४ | १०३ | ८७ | ० |
| २०६९ | २३६ | १५५ | ५८ | १७४ | १५८ | ५ | १२८ | १०४ | ० |

*स्रोत : विद्यालयको अभिलेख (२०६८/०६९) ।*

अध्ययन क्षेत्रका चार विद्यालयहरुमा प्रा.वि. तह (कक्षा-५), नि.मा.वि.तह (कक्षा-८) र मा.वि.तह ( कक्षा १०) , पुरा गर्ने विद्यार्थी सम्बन्धि जानकारी संकलन गर्दा कक्षा ५ मा शैक्षिक सत्र २०६८ मा १९५ जना परीक्षमा सामेल हुदाँ ६३ जना अर्थात ३२.३० प्रतिशत मात्र , कक्षा ८ मा १७३ जना सामेल हुदाँ ४ जना अर्थात २.३१ प्रतिशत असफल भएभने कक्षा १० मा सतप्रतिशत टेष्ट पास भएता पनि एस.एल.सी परीक्षामा १६ जना अर्थात १५.३८ प्रतिशत अनुर्तिर्ण भएको भेटियो । भने २०६९ तर्फ कक्षा ५ मा ५८ जना अर्थात ३७.४१ प्रतिशत , कक्षा ८ मा ५ जना अर्थात ३.१६ प्रतिशत र कक्षा १० मा सबै उर्तिण भएपनि २४ जना अर्थात २३.०७ प्रतिशत विद्यार्थीले तहपार नगरेको भेटियो ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोच (१९७०) अनुसार "समुदाय शसक्तिकरण प्रविधिबाट साक्षर बनाउने रिफलेक्ट " अनुसार समुदायका सबै तहमा जनचेतना जगाउने , अन्यायमा परेको तल्लो वर्गका मानिसहरुलाई शिक्षा आर्जनप्रति प्रेरित गराइ तिनीहरुको सक्रिय सहभागिता गराउने, पाठ्यक्रम विज्ञहरुले पढाइका विषयबस्तु निर्धारण गर्नुको सट्टा सहभागीहरु आफैले पढ्ने पाठको छनौट गर्ने , तल्लो तहको विकास भएमा मात्र सम्पूर्ण विकास सम्भव हुन्छ भन्ने चेतनाको विकास गराउने कुरामा जोड दिनुपर्ने अर्थात शिक्षा आर्जन गर्ने सबै वर्गलाई सचेत गराई सशक्त बनाउनु पर्ने देशको शिक्षा नीति अनुसार शिक्षाको उज्यालो घामबाट वञ्चित रहेका सम्पुर्ण किशोरीहरुलाई शिक्षाको मुलधारमा समाहित गराउने उदेश्यले यस अध्यनलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालयको माध्यामिक तहमा छात्राहरुको कक्षा छाड्ने दर घटाई उनीहरुको सहभागीता बढाउन पाउलो फ्रेरेद्धारा प्रतिपादित पेडागोजी अफ अप्रेस्ड एप्रोचलाई अवलम्बन गरिएको छ ।

विद्यार्थीहरुको भर्नामा देखिएको परिवर्तनको मुख्य कारण भनेको अभिभावकहरुको सोचाइमा आएको परिवर्तन हो । कक्षा छाड्नेहरुमा वढि छात्रहरु नै पाइयो । जसको कारण कम उमेरमा विहेवारी र घरायसी कामकाजको बोझ थियो । कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको कारण खोज्दा छात्रहरु पढाइमा ध्यान नदिइ अर्कै काममा ध्यान दिनुले उनीहरु पढाइमा कमजोर भई अनुत्तिर्ण भएकोले त्यस्ता छात्रहरु कक्षा दोहोऱ्याउनु परेको देखियो । फलस्वरुप विद्यार्थीहरु तहपार गर्न नसकी अनुत्तिर्ण भएको देखियो ।

### ४.४ अतिरिक्त क्रियाकलापमा विदयार्थी सहभागीता बढाउने उपाय

सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता कम हुनुले पाउलो फ्रेरे ( १९७०) को सिद्धान्त पेडागोजी अफ एप्रोच अनुसार पिछडीएका सम्पुर्ण विद्यार्थी वर्गमा जनचेतना जगाई शिक्षा आर्जनमा सहभागी गराउनेलाई आत्मासाथ नगरेको र राष्ट्रको शिक्षा नीति सम्पुर्ण विद्यालय उमेरका केटाकेटीहरुलाई शिक्षाको मुल धारमा समाहित गराउने , सन २०१५ सम्म सबैको लागी शिक्षाको प्रतिबद्धता पुरा गराउने सिद्धान्तलाई पन्छाएकोले मान्न सकिन्छ । माथि उल्लेखित प्रतिबद्धताहरु पुरा गराउन विद्यार्थी अभिभावक र शिक्षक मिली अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागीता बढाउने उपायसम्बन्धी छलफल गरिएको थियो ।

### ४.४.१ छात्रवृतिको ब्यवस्था

शिक्षक तथा विद्यार्थीहरुको अनुसार माध्यामिक विद्यालयमा अध्ययन गर्ने सम्पुण विद्यार्थीरुको लागि छात्रवृति तथा पुरस्कार नितान्त आवश्यक छ । विद्यार्थीरुले पढाइ लेखाइमा राम्रो गरेको खण्डमा तथा विद्यालयको कार्यक्रमहरुमा राम्रो गरेको खण्डमा तिनीहरुलाई स्याबासी तथा पुरस्कार दिने गरेमा तथा दलित छात्रवृति दिने गरेमा तिनीहरुको विद्यालयप्रतिको आकर्षण बढ्न गई उनीहरुको माध्यामिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता स्वत : बढ्न जानेछन भन्ने प्रतिक्रिया दिएको पाइयो ।

अभिभावक र विद्यार्थीहरुको अनुसार विद्यालयको माध्यामिक तहमा सबै वर्गका विद्यार्थीहरुबाट नामाङ्कन शुल्क लिने गरेको पाइन्छ । अधिकांश अभिभावकहरुको आर्थिक स्थिति कमजोर भएकोले उनीहरु आफ्नो छोराछोरीहरुको समेत विद्यालयमा नामाङ्कन गराई किताब, कापी कलम र ड्रेसको ब्यवस्था सम्बन्धित पक्षले गर्न सकेको खण्डमा तिनीहरुको माध्यामिक विद्यालय तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता स्वतः बढ्न जान्छन भन्ने प्रतिक्रिया दिएको पाइयो । विद्यालयले समय-समयमा विद्यार्थीहरुको सहभागिता बढाउनको लागि विभिन्न किसिमका सुविधाहरु जस्तै : साइकल, खाजाको ब्यवस्थ, भ्रमणको ब्यवस्था गरेर विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउन सकिन्छ भन्ने प्रतिक्रिया छनोटमा परेका अभिभावकहरुबाट पाइयो ।

### ४.४.२. उच्च शैक्षिक संस्थामा आरक्षण

अभिभावक, विद्यार्थी र शिक्षक/शिक्षिकाहरुको भनाइ अनुसार राज्यले विद्यार्थीहरुको लागि राज्यको सम्पुर्ण निकायमा आरक्षणको ब्यवस्था गर्नुपर्दछ । यस्तो भइ दिएको खण्डमा छात्राहरुमा शिक्षा आर्जनप्रतिको चाहना बढ्न जान्छन् र प्रत्येक अभिभावकहरुले आ-आफ्ना छोरा छोरीहरुलाई शिक्षा आर्जन गराउने प्रति चासो देखाउने छन् । यसरी स्वत : माध्यामिक
तहमा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्न जान्छन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.४.३. अभिभावकहरुको लागि रोजगारको ब्यवस्था

शिक्षक/शिक्षिका भनाई अनुसार अभिभावकहरु विभिन्न समस्यामा बाँचिरहेका हुन्छन । उनीहरुलाई नगदको अभाव धेरै महसुस हुन्छन । देशमा विभिन्न उद्योगहरु स्थापना गराई तिनीहरुको लागी रोजगारको ब्यवस्था सरकारले गराउनु पर्दछ । रोजगार पाएपछि उनीहरुको विभिन्न आवश्यकता पुरा भई छोराछोरीहरुको अध्ययन पुरा गराउन चाहन्छन । यस्तो इच्छा तिनीहरुमा जागृत भएमा

छोराछोरीहरुलाई विद्यालय पठाउने गर्छन् । यसरी माध्यामिक तहमा विद्यार्थीहरुको सहभागिता बढ्न जान्छन भन्ने प्रतिक्रिया दिएको पाइयो । अभिभावकहरुको अनुसार उनिहरु पुरानै परम्परागत पेशामा आधारित रही प्राप्त गरेको कमै आम्दानीबाट आफ्ना सम्पुर्ण आवश्यकताहरु पुरा गर्न बाध्य भएका हुन्छन् । उनीहरुको परम्परागत पेशालाई आधुनिकिकरण तथा वैज्ञानिकीकरण गराइ आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । उनीहरुको परम्परागत पेशालाई आधुनिकिकरण गर्न सकेको खण्डमा आम्दानी स्वत : बढ्न जान्छ । यसरी उनीहरु आफ्ना छोराछोरीहरुलाई आफ्नै घरकार्य तथा अर्काको घरमा ज्यालामजदुरी गर्ने कार्यमा नलगाई विद्यालयमा पठाउने छन् र उनीहरुको पढाई सम्बन्धि सम्पुर्ण आवश्यकता पुरा गराउने छन । यसरी माध्यामिक तहमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता स्वतः बढ्न जानेछन् भन्ने प्रतिक्रिया छनोटमा परेका शिक्षक शिक्षिका र अभिभावकबाट पाइयो ।

अभिभावक,छात्रा र शिक्षक/ शिक्षिकाहरुसँग गरिएको छलफलमा पिछडिएको अभिभावकहरुलाई जग्गा जमिन हुदैन । बिना धितो कसैको ऋण दिने गर्दैन । कुनै अवस्थामा कसैलाई ऋण दिइहाले पनि चर्को ब्याज लिने गर्छन । त्यही ब्याज तिर्नमा लागेर अभिभावकहरुले अर्को कुनै पारिवारिक आवश्यकता पुरा गराउन सक्दैन । तसर्थ सरकारले अभिभावकहरुको लागि स-सना कार्यहरु संचालन गराउन  नागरिकता नै धितोको रुपमा राखि सस्तो ब्याज दरमा ऋणको ब्यवस्था गराउनु पर्दछ । यस्तो गराइ दिएको खण्डमा अभिभावकहरुले आफ्ना सन्तानहरुको भविष्य सुधार्न उनीहरुको पढाइ , लेखाइलाइ पनि एउटा मुख्य आवश्यकता ठानी तिनीहरुलाई विद्यालय पठाउने गर्छन । यसरी माध्यामिक विद्यालयमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता बढ्न जान्छन भने प्रतिक्रियामा ११ अभिभावकले आफुलाई रोजगारको व्यवस्था हुनुपर्ने बताएका थिए भने बाँकी ९ जना अर्थात २० प्रतिशतले छोरा छोरीलाई आफुले नखाएर भए पनि विद्यालय पठाउनु पर्ने प्रतिक्रिया दिएका थिए ।

## ४.४.४. शिक्षक र विद्यार्थी विचको आपसी सम्बन्ध

अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता बढाउन विद्यार्थी  र शिक्षकहरुबीचको सम्बन्ध राम्रो हुनुपर्छ । शिक्षक र विद्यार्थीबीच राम्रो सम्बन्ध भएमा विद्यार्थी शिक्षकसँग निर्धक्क भएर पढाइ सम्बन्धी कुनै पनि कुरा सोधपुछ गर्न सक्छ र शिक्षकले पनि विद्यार्थीलाई त्यतिकै मायाँ गरी सिकाउन चाहन्छ । विद्यार्थी अनुशासित भएर जुनसुकै पनि कुरा सिक्न सक्छ । विद्यार्थीले शिक्षकसँग

मिठोमिठो कुरा गरी राम्रो सम्बन्ध स्थापित गर्नुपर्ने आवश्यक देखिन्छ तर अभ्यासमा दलित विद्यर्थी र शिक्षकबीचको सम्बन्ध त्यति राम्रो देखिदैन । मेरो बिचारमा तिनीहरुबीच राम्रो सम्बन्ध स्थापित गराउनु पर्दछ । जसबाट विद्यालयको अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता बढ्न जान्छ ।

शिक्षक र विद्यार्थीबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । उनीहरुबीचको सम्बन्ध राम्रो भएन भने शिक्षण क्रियाकलाप अप्रभावकारी हुन्छन र उनीहरुबीचको सम्बन्ध राम्रो भएमा सिकाइ क्रियाकलाप बढी प्रभावकारी हुन जान्छ ।

शिक्षक विद्यार्थीको सम्बन्ध बारे सोधिएको प्रश्नको जवाफमा विद्यार्थीहरुबाट ठिकठिकै सम्बन्ध रहेको कुरा बताएको पाइयो । अध्ययनको आधारमा शिक्षक शिक्षिका र विद्यार्थीहरुबचिको सम्बन्ध राम्रो नभएको कुरा स्पष्ट हुन जान्छ । शिक्षक विद्यार्थी बिचको सम्बन्धले अतिरिक्त क्रियाकलापको सहभागितामा प्रत्यक्ष प्रभाव प्रार्दछ । उनीहरुबीचको सम्बन्ध राम्रो भए विद्यार्थी शिक्षकसँग नडराइ नजिकिदै गएर पढाइ सम्बन्धि सम्पुर्ण कुराहरु सिक्न तत्पर हुने भएकोले शिक्षकको सिकाउने इच्छा नभए पनि बाध्य भएर विद्यार्थीलाई सिकाउनै पर्छ । यसरी शिक्षण सिकाइको साथ साथै अतिरिक्त क्रियाकलापको सहभागितामा प्रत्यक्ष रुपले बृद्धि हुन्छ भने प्रतिक्रिया छनोटमा परेका विद्यार्थीहरुले दिएको पाइयो ।

विद्यार्थी र शिक्षक / शिक्षिकाबीचको सम्बन्धले शिक्षण सिकाइ सम्बन्धि सम्पुर्ण क्रियाकलापमा प्रभाव पार्छ । तिनीहरुबीचको सम्बन्ध खराब भएमा आपसी मेलमिलाप घट्न जान्छ र सम्बन्ध राम्रो भएमा आपसी मेलमिलाप बढ्न जान्छ । यसरी मेलमिलापमा बृद्धि भएमा विद्यार्थी शिक्षक / शिक्षिकाबाट बढी कुरा सिक्छन् भन्ने प्रतिक्रिया शिक्षक/शिक्षिका अभिभावक र विद्यार्थी हरुबाट दिएको पाइयो ।

शिक्षक / शिक्षिका र अभिभावकहरुले आफ्नो प्रतिक्रियामा शिक्षक/ शिक्षिका र विद्यार्थीहरु बीचको सम्बन्ध राम्रो हुनुपर्दछ । तिनीहरुबीचको खराब सम्बन्धले विद्यार्थीको आत्माबल बढ्नमा अवरोध पुऱ्याउँछ । तिनीहरुबीचको सम्बन्ध राम्रो भएमा विद्यार्थीहरुको आत्माबल वृद्धिहुन गई तिनीहरु शिक्षकबाट धेरैकुरा सिक्छन् । यसरी शिक्षण सिकाई प्रभावकारी हुन्छ र उनीहरुमा नेतृत्व गर्न सक्ने क्षमताको समेत विकास हुन जान्छ भनी तिनीहरुले ब्यक्त गरेको पाइयो ।

### ४.४.५ नेतृत्वदायी क्षमता

छनोटमा परेका अभिभावक र शिक्षक शिक्षिकाहरुको अनुसार कुनै पनि एकै पटकमा नेता वन्न पुग्दैन । विद्यालय शिक्षा देखि नै उ विभिन्न क्रियाकलापमा भाग लिदै गएमा उसमा बोल्न सक्ने क्षमताको विकास हुदै जान्छ । यसरी धेरै पटकको साथीभाईहरु सँगको विभिन्न क्रियाकलापको सहभागिताको आधारमा विभिन्न कुराहरु सम्बन्धि ज्ञान बढ्दै जान्छ । त्यसरी नै छात्राहरुलाई विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागिता गराउदा साथीहरुसँगको मेलमिलाप बढ्न गई बोल्ने क्षमताको विकासहुदै जान्छ । यसरी स-सना समुहको नेतृत्व गर्ने क्षमताको विकास भई पछि गएर ठुलो समुहको नेतृत्व गर्न सक्ने भई उसमा नेतृत्व गर्ने क्षमतामा वृद्धि हुन जान्छ ।

वालबालिकाहरुको शिक्षकसँगको सम्बन्धले शिक्षण सिकाई क्रियाकलापमा पार्ने प्रभावमा शिक्षक विद्यार्थी बिचको खराब सम्बन्ध पनि हो । यस्तो खराब सम्बन्धले सिकाई क्रियाकलापमा वृद्धि हुन पाउदैन । विद्यालयको अतिरिक्त क्रियाकलाप र सह-अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता घट्न जान्छ । शिक्षक विद्यार्थी बिचको मेलमिलापमा नराम्रो प्रभाव पर्न गई विद्यार्थीको आत्माबल घट्न जानाले नेतृत्व गर्नसक्ने क्षमतामा ह्रास आउछ । तथा तिनीहरु बीचको सम्बन्ध राम्रो भएमा शिक्षण सिकाईमा वृद्धि हुनजान्छ । विद्यालयको अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता बढ्न गई आत्माबल र नेतृत्व गर्ने क्षमताको समेत वृद्धि विकास हुन्छ ।
शिक्षक विद्यार्थी बिचको राम्रो सम्बन्धले विद्यार्थीहरुको सिकाइमा राम्रो प्रभाव पर्न गइ अन्तत विद्यार्थीको विद्यालयमा सहभागिता बढ्न जान्छ । यो पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोच सँग मेल खाएको देखिन्छ ।

शिक्षक विद्यार्थी बिचको सम्बन्ध खराब भएमा विद्यार्थी शिक्षकबाट टाढा भाग्न खोज्छ र शिक्षण सिकाइमा प्रभावकारी हुदैन । शिक्षक विद्यार्थी बिचको यस्तो सम्बन्धले कुनैकुरा शिक्षकसँग सोध्न चाहदैन । जसको कारण शिक्षण सिकाइमा असर पार्दछ भने शिक्षक र विद्यार्थी बिचको दोहोरो अन्तक्रियाले शिक्षण सिकाइमा थप उर्जा प्रदान गरी अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता समेत वृद्धि हुन जान्छ ।

**४.४.६ पोशाक**

अध्ययन क्षेत्रका अधिकांश विद्यालयमा अध्ययन विषयवस्तुसँग सम्बन्धित विद्यार्थीहरु अतिरिक्त क्रियाकलापमा सहभागी नहुनाका प्रमुख कारणको रुपमा खेलकूद, पोशाक नभएको अध्ययनबाट जानकारी प्राप्त भएकोले अतिरिक्त क्रियालापमा विद्यार्थी सहभागिता बढाउनका लागि विद्यालय प्रशासनले विद्यार्थीहरुका लागि खेलकुद पोशाकको व्यवस्था गर्न सके सहजै अतिरक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्न जाने देखिन्छ ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड एप्रोच (१९७०) अनुसार अत्याचारमा परेका शोषित पिडित वर्गका विद्यार्थीहरुका समस्याको बारेमा जनचेतना जगाई सचेत गरी मौनताको संस्कृति तोड्न सक्नुपर्छ । यसरी उनीहरु साक्षर हुन गई शिक्षा आर्जनप्रति प्रेरित भएर प्राथमिक तह पार गरी माध्यामिक तहको शिक्षामा अतिरिक्तक्रियाकलापमा सहभागी वृद्धि हुन पुग्छन् । यस अध्ययनको प्रमुख उदेश्यको रुपमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता कम हुनुका कारण पहिचान गरी सहभागिता बढाउने उपायहरुको खोजी अर्थात सिद्धान्त र उदेश्य एक अर्कोसँग पुर्ण रुपले सहमत रहेको देखिन्छ ।

विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागी बढाउने उपायहरुमा विद्यालयमा निशुल्क नामाङ्कन, कापीकलम र ड्रेसको व्यवस्था, जातिय भेदभाव हटाइ भेदभाव गर्नेलाई कारबाही गर्नुपर्ने, कमजोरविद्यार्थीलाई अतिरिक्त समय दिएर पढाउनुपर्ने, सिपमुलक शिक्षा दिनुपर्ने, अभिभावकलाई सचेत बनाई आयस्तर वृद्धि गराउनुपर्ने सबै वर्गलाई राष्ट्रका हरेक क्षेत्रमा समान अवसर प्रदान गर्नुपर्ने, शिक्षकको व्यवहार समान हुनुपर्ने, विद्यालयको हरेक क्षेत्रमा विद्यार्थी सहभागीता अनिवार्य गराउनुपर्ने, छात्राविद्यार्थीका लागि छुट्टै योजना तयार गर्नुपर्ने, विद्यार्थी छात्रावृतिको व्यवस्था गर्नुपने, विद्यालयको वातावरण र अनुशासन स्वच्छ राख्नुपर्ने, पुरस्कार र सहयोगको व्यवस्था गर्नुपर्ने, शैक्षिक जनचेतना जगाउनुपर्ने जस्ता जवाफ सम्बन्धित क्षेत्रबाट प्राप्त भएको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्ष

शिक्षा त्यो माध्यम हो जसले देशलाई विकास तथा उन्नतिको मार्गतिर डोऱ्याउन सहयोग गर्दछ । जुन देशमा शिक्षाको विकास तिव्र रुपमा भएको हुन्छ । त्यस देशले जहिले पनि हरेक क्रियाकलापमा अग्रता लिन सफल हुन्छ । आजका विकसित भनि चिनिने चिन, जापान, अमेरिका जहाँ शिक्षा विकासले गर्दा अघि बढेको देख्न सकिन्छ । अर्को तर्फ सोमालिया, इथियोपिया जस्ता देशहरु शिक्षा विकासमा समस्या देखिएको कारण आर्थिक अवस्था खोस्कदै गएको मान्न सकिन्छ । तसर्थ शिक्षा देश विकासको मेरुदण्ड हो जसले विकासका पुर्वाधारहरु निर्माण गर्ने गर्दछ । हाम्रो देशले पनि शिक्षा विकासलाई महत्वपुर्ण ठानि बजेटको ठूलो हिस्सा शिक्षा क्षेत्रमा खर्चिएको छ । माध्यामिक स्तर सम्मको शिक्षालाई सर्वसुलभ र निशुल्क बनाई प्रत्येक वर्ग र जातका मानिसहरुलाई शिक्षाको मुल धारमा समेट्ने प्रयास गरेको छ । जसलाई सफल पार्नका लागि विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापलाई अनिवार्य गराई सहभागिताको दर बढाउनु पर्ने देखिन्छ । गरिबी , पोशाकको अभाव जस्ता समस्या समाधानका लागि जनताको आय स्तर बढ्न सक्ने विविध पक्षको सम्बन्धमा अध्ययन अनुसन्धान गरि आर्थिक अवस्था सवल बनाउनु पर्दछ ।

भौगोलिक विकटताका कारण विद्यालय उपस्थिति दर न्युन हुनु जसको प्रतिफलका कारण अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको संलग्नतामा कमि आउने गर्दछ । साथिभाईसँगको राम्रो मेलमिलाप नहुने भएका कारण लाज संकोच मान्ने कारणले यस्ता क्रियाकलापमा सहभागिता जनाएका हुदैनन् । अध्ययन क्षेत्रका जम्मा १६८९ जना विद्यार्थी मध्ये शैक्षिक सत्र २०७० मा ११९७ जना अर्थात ७.०८ प्रतिशत विद्यार्थीले मात्र विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग लिएका छन् ।

अतिरिक्त क्रियाकलाप मध्ये विद्यालयले आयोजना गरेको नृत्य, गायन र खेलकुद प्रतियोगितामा धेरै विद्यार्थीहरुले भाग लिइएको देखिन्छ भने हाजिरी जवाफ प्रतियोगिता र वक्तृत्व कलामा कम विद्यार्थी सहभागी भएका छन् । यसबाट के बुझ्न सकिन्छ भने विद्यार्थीलाई जति खेलकुद र नृत्यमा चासो छ अन्यमा नभएको हो । यस्ता क्रियाकलापमा कमै विद्यार्थी सहभागि भएता पनि सहभागी मध्येमा पनि एउटै अनुहार पटक पटक दोहोरिएको छ । विद्यालयको कार्यक्रममा तिनीहरुको सहभागीता कम हुनुका कारण उनिहरु आफै सक्रिय नहुनु, विद्यालय देखि घरको दुरी टाढा हुनु, पोशाकको अभाव हुनु, विद्यालयले तिनिहरुलाई सहभागी गराउने तर्फ ध्यान नदिनु जस्ता कारण छन् । विद्यालयको

यस्ता कार्यक्रममा सहभागीता नहुनुमा विद्यार्थीको अनियमितता, शिक्षक तथा साथिहरुसँगको सम्बन्ध टाढा हुनु, पढाई प्रति चासो कम हुनुले गर्दा हो । यस्ता क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्न सकेको भए शिक्षा तथा सामाजिक विकासमा वृद्धि भई पढाई प्रति उनिहरुको चासो बढ्ने थियो ।

आर्थिक स्थिति कमजोर हुनु , विद्यालय पोशाकको अभाव हुनु , घरायसी कामको बोझ हुनु, कम उमेरमा विवाह हुनु , पैसा कमाउन कुल्ली जानु , पढाइमा कमजोर हुनु , विद्यालयको फिस तिर्न नसक्नु छोरा छोरीको संख्या बढि हुनु , शैक्षिक चेतनाको कमी हुनु , खराब साथिको सँगत गर्नु , टोल छिमेकमा पढाइको वातावरण नहुनु , सुलभ तरिकाले लोन नपाउनु , ज्याला मजदुरी गर्न पर्नु जस्ता कारणले विद्यालय छोड्न बाध्य भइ अतिरिक्त क्रियाकलापमा सहभागीता घट्न गएको हो ।

विगतको अवस्थामा भन्दा विद्यार्थी भर्नामा देखिएको परिवर्तनको मुख्य कारण भनि अभिभावकको सोचाइमा आएको परिवर्तन मान्न सकिन्छ । भर्ना भएका मध्ये कक्षा छाड्नेहरुमा दलित तथा पिछडिएका जातीका विद्यार्थीहरु भेटियो भनि जसमध्ये पनि छात्राको संख्या बढि छ । जसलाई कम उमेरमा बिहेबारी र घरायसी कामको बोझका कारण मान्न सकिन्छ । कक्षा दोहोऱ्याउने कारणको खोजी गर्दा पढाई प्रति चासो नलिई अन्य काममा ध्यान दिनुले पढाइ प्रति कमजोर भई अनुर्तिण भएकाले कक्षा दोहोऱ्याउने तथा छाड्ने प्रवृति छ । यस्ता विद्यार्थीहरुको टिकाउदर बढाउन, विद्यालयमा दैनिक उपस्थिति गराउन , अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउनका लागि विद्यालय पोशाक, खाजा कार्यक्रम, शैक्षिक सामग्री, कमजोर विद्यार्थीलाई अतिरिक्त समयको ब्यवस्था, विद्यालय टाढा भएका विद्यार्थीलाई होस्टलको ब्यवस्था, सवै जातजातिमा समानता कायम गर्न सके अवश्य पनि शिक्षामा पहुँच वृद्धि गर्न सकिन्छ । यसको अलवा अभिभावकको आयस्तर वृद्धि गराउनु पर्ने, रोजगारमुलक शिक्षा दिनुपर्ने, राष्ट्रको हरेक क्षेत्रमा सवै पक्षलाई समान अवसर प्रदान गर्नुपर्ने छात्र छात्रालाई समान ब्यवहार गर्नु पर्ने, आर्थिक अवस्था कमजोर भएकालाई छात्रवृतिको ब्यवस्था गर्नुपर्ने ,शैक्षिक चेतना जगाउनुपर्ने जस्ता उपायहरु अपनाउन सके शिक्षाको पहुँचमा वृद्धि भई अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढ्ने कुरामा दुइ मत छैन ।

## ५.२. सुझावहरु

यस अध्ययनको प्राप्तीको आधारमा विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभगिता बढाउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१. नीतिगत तह

अभिभावकहरुको शिक्षा प्रति रहेको रुढीबादी सोचविचारलाई सुधार गरि चेतना जगाउन सके अवश्य पनि सफल नागरिक निर्माण गर्न सकिन्छ । देशको हरेक क्षेत्रमा राम्रो मान्छे नभई हाम्रो मान्छे नियुक्ति गर्ने प्रचलनका कारण शिक्षा प्रति निरासा प्रदान भई शिक्षा विकासमा समस्या देखिएको छ । दक्ष र तालिम प्राप्त शिक्षक नियुक्ति नगरी नाताबादका कारण शिक्षक नियुक्तिमा समस्या आएकोले शैक्षिक स्तर खस्कदै गएको मान्न सकिन्छ यसर्थ शिक्षक नियुक्तिमा शिक्षक सेवा आयोगले आवश्यक नीति तर्जुमा गरि आफ्नो स्पष्ट धारणा प्रस्तुत गरेमा अवश्य पनि योग्य ब्यक्तिले अवसर पाउने देखिन्छ ।

अतिरिक्त क्रियाकलापलाई नेपाल सरकारले ऐच्छिक विषयका रुपमा राख्नुका सट्टा अनिवार्य र अभिन्न अंगको रुपमा कार्यान्वयन गर्नु पर्छ शिक्षा विभाग र त्रि.वि. शिक्षा शास्त्र संकायको आपसी समन्यमा शिक्षण प्रशिक्षण सम्बन्धि नीति तर्जुमा गरि कार्यान्वयन गरि बालवालिकको उमेर , रुची , विकासात्मक विशेषता , विद्यालयको अवस्था अनुसार वर्गिकरण गर्न सके अवश्य पनि सफल बन्ने देखिन्छ । अतिरिक्त क्रियाकलापको समुचित संचालनका लागि विद्यालयको नियमित बजेटमा ब्यवस्था हुनु पर्छ । यसका अलवा विद्यालयमा शुल्कको ब्यवस्था , सांस्कृतिक कार्यक्रम , चिट्ठा कार्यक्रमबाट पनि आर्थिक संकलन गर्न सकिन्छ । केहि जिल्लामा मात्र लागु गरिएको खाजा कार्यक्रम नीति बनाई अन्य जिल्लामा पनि लागु गर्नु पर्छ जसले विद्यार्थी उपस्थिति दर बढाउने छ । विद्यालयको भौतीक पुर्वाधार निर्माण गर्दा उपयुक्त शौचालयको निर्माणमा ध्यान दिनु पर्ने देखिन्छ । महिला शौचालय र खानेपानीको ब्यवस्था प्रयाप्त मात्रामा हुनुपर्छ जसका कारण विशेष गरि छात्राहरुमा महिनावारी भएको समयमा कक्षा छाड्नु पर्ने बाध्यता हट्नेछ । छात्रवृतिको ब्यवस्था भएमा कमजोर आर्थिक स्थिति भएका विद्यार्थीको सहभागिता सुनिश्चित हुने देखिन्छ ।

समाजमा रहेका रुढीबादी सोचबिचार अन्त्यका लागी ठोस नीति ल्याउनुपर्ने ब्यवहारिक शिक्षा दिनुपर्ने, महिला वर्गका विभिन्न सिपहरुको संरक्षण र सदुपयोग गर्नुपर्ने छात्रवृति जगेडा कोषको ब्यवस्था गर्नुपर्ने, शैक्षिक जनचेतना जगाउनुपर्ने, अभिभावकलाई स्वोरोजगार तालिम दिनुपर्ने जस्ता कार्यक्रमहरु सम्बन्धि नीति सरकारले सम्बन्धित निकाय सँग छलफल गरि तयार गर्नुपर्ने देखिन्छ । परम्परागत खेती प्रणालीमा सुधार, शिक्षाको महत्व, साना उद्योग प्रति अभिभावकलाई आकर्षित बनाउने, दक्ष जनशक्ति भिकाइ तालिम दिने, स्थानिय पाठ्क्रमको ब्यवस्था गर्नुपर्ने, रुढीबादी बिचार हटाउने, चेतनामुलक कार्यक्रम पाठ्यक्रममा तयार गर्नुपर्ने,प्राथमिक तहको पाठ्यपुस्तक मातृभाषामा

तयार गर्न सकेको खण्डमा अवश्य पनि अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता दर बढ्न सक्ने देखिन्छ ।

### ५.२.२. कार्यान्वयन तह

विद्यालय व्यवस्थापन पक्षले विद्यालय शिक्षा सम्म पुग्न नसकेको विद्यार्थीका लागी बिहान बेलुका अतिरिक्त क्रियाकलापको कक्षा संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयसँग सरोकार राख्ने पक्षसँग राम्रो सम्बन्ध निर्माण गराई विद्यार्थी उपस्थिति दर बढाउने किसिमका कार्यक्रम संचालन गर्नुपर्ने ,परीक्षामा राम्रो गर्ने विद्यार्थीलाई बधाई तथा पुरस्कार नियमित उपस्थित हुनेलाई पुरस्कार, छात्र छात्रालाई छात्रवृतिको व्यवस्था विद्यार्थीलाई शैक्षिक सामग्रीको व्यवस्था गराउनु पर्ने देखिन्छ । आफ्ना छोराछोरीलाई उपयुक्त उमेरको विवाह, सानो परिवारको धारणा तथा शैक्षिक चेतना दिई अभिभावकलाई समेत विद्यालय कार्यक्रममा सहभागी गराउनु पर्दछ ।

प्रत्येक विद्यालयले बार्षिक तथा मासिक अतिरिक्त क्रियाकलाप सम्बन्धि पुर्वयोजना निर्माण गरि अनिवार्य रुपमा कार्यन्वयनका लागि विद्यार्थी संलग्नतालाई महत्वपुर्ण ठान्नु पर्छ । अतिरिक्त क्रियाकलापको घन्टि शिक्षकको थकाइ मार्ने थलो नबनि शिक्षकलाई साप्ताहिक कक्षा भारमा गणना गरि बढिमा २४ घण्टी पाठ्यभार राखिनु पर्दछ । शारिरिक शिक्षक, सि.क., नृत्य संगित, हस्तकला, चित्रकला सम्बन्धि स्वतन्त्र शिक्षकको नियुक्ति अनिवार्य गराउनु पर्दछ । शिक्षण तालिममा अतिरिक्त क्रियाकलापको समुचित पाठ्यभार सहित पाठ्यक्रमको तर्जुमा र कार्यन्वयन गरिनु पर्दछ । शिक्षण सहयोगि सामग्री तथा स्रोत पुस्तिकको समुचित बितरणको व्यवस्था मिलाइनु पर्दछ । मनोरञ्नजन तथा सिप विकासको साथै आर्थिक भार कम पर्ने किसिमको स्थानिय स्तरमा पाइने सामग्रीको प्रयोग तर्फ ध्यान दिनु पर्दछ । अतिरिक्त क्रियाकलापको प्रभावकारी संचालनका लागी प्र.अ., जि.शि.अ., स्रोत व्यक्ति तथा बिनि लगायत बि.ब्य.स. आदि पक्षबाट मुल्याङ्कनको व्यवस्था गराइनु पर्दछ । विद्यालयको प्रगति विवरणमा समेत अतिरिक्त क्रियाकलापको अंक राखिनु पर्दछ । विद्यार्थीको कक्षोन्ती तथा छात्रवृति प्रदान गर्दा अतिरिक्त क्रियाकलापको अवस्थामा विचार पुऱ्याउनु पर्दछ । शिक्षकको नियुक्ति तथा बढुवामा समेत खेलकुद,सामाजिक सेवा, स्काउट, रेडक्रस आदिमा सहभागी भए नभएको हेरिनुपर्छ । विद्यार्थीको कक्षा उन्नति गर्दा समेत अतिरिक्त क्रियाकलापलाई आधार मान्न सके अवश्य पनि यसप्रति सबैको चासो बढ्न जान्छ । जिल्ला खेलकुद विकास समिति सँग समन्वय गरि उपलब्ध प्रशिक्षणद्वारा विद्यालयले खेल शिक्षक चयन गर्नुपर्छ । अतिरिक्त

क्रियाकलापको सहभागिताले बालवालिकालाई हुने फाइदा प्रति अभिभावकमा अभ्यास र जनचेतना जगाउने कार्यक्रम संचालन गर्नुपर्छ ।

छात्राहरुको लागि विद्यालयमा मायालु वातावरण सृजना गर्नुपर्ने,विद्यालयले आयोजना गर्ने कार्यक्रमहरुमा भाग लिन प्रोत्साहित गर्नुपर्ने, छात्र र छात्राहरुबीच भेदभावको वातावरण उत्पन्न हुन नदिने आदिजस्ता कार्यक्रमहरुप्रति सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । परीक्षामा राम्रो गर्ने विद्याथीहरुलाई शिक्षक / शिक्षकाहरुको तर्फवाट छात्रवृति प्रदान, पछि परेका अभिभावकलाई चेतना मिल्ने कार्यक्रमहरु संचालन गर्नुपर्ने,सबै वर्गका छात्राहरुलाई समान व्यवहार गर्नुपर्ने, पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यपुस्तक विद्यालयमा लागु गर्नुपर्ने माथिका सुझावहरु पालन गरेको खण्डमा विद्याथीहरुको कक्षा छाड्ने दरलाई धेरै हदसम्म घटाई माध्यामिक तहमा अतिरिक्त क्रियाकलापमा तिनिहरुको सहभागिता बढाउन सकिन्छ ।

**५.२.३. अनुसन्धान तह**

माध्यामिक विद्यालय तहमा अतिरिक्त क्रियाकलापमा विद्याथीहरुको सहभागिता बढाउन आपसी बिभेद कम गराउनु पर्दछ । शिक्षक विद्यार्थी र अभिभावक बीचको सम्बन्ध बढाई, तिनीहरुलाई विद्यालयको सम्पुर्ण कार्यक्रममा सहभागी हुने वातावरण तयार गराउन शिक्षक, अभिभावक र सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुबीच ब्यापक छलफल गरी योजना निर्माण र कार्यान्वयन गराउने कार्यमा जोड दिने गरिब विद्यार्थीहरुको लागि विद्यालय पोशाक र शैक्षिक सामाग्री वितरण गर्ने, घर देखि विद्यालय टाढा भएका विद्यार्थीहरुको लागि होस्टेलमा बसाउने व्यवस्था गर्ने, कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था गरी विद्यालय प्रशासनले कडाइका साथ अतिरिक्त क्रियाकलापलाई लागु गरी पक्कै पनि विद्यार्थी संलग्नता बढाउन सकिन्छ यसर्थ सम्बन्धित पक्षलाई आवश्यक विषयमा अनुसन्धान गर्न सकिने गरी सुझाव प्रस्तुत गरिएको छ ।

अतिरिक्त क्रियाकलापमा छात्र र छात्रा सहभागिताको अवस्थाको तुलनात्मक अध्ययन गर्न , अतिरिक्त क्रियाकलापले छात्रा सहभागितामा पारेको प्रभावको अध्ययन गर्न तथा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्थाको अध्ययन गर्न , अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता प्रतिको अभिभावकको दृष्टिकोण, छात्राहरुको शैक्षिक अवस्था, छात्राहरुको नेतृत्वको अवस्था, अतिरिक्त क्रियाकलापले विद्यालयको व्यवस्थापनपक्षमा पारेको प्रभाव जस्ता विषयवस्तुलाई अनुसन्धानको क्रममा सुझावहरु प्रस्तुत गरिएको छ ।

## सन्दर्भ सामाग्री

अधिकारी , माधवप्रसाद (२०६८) , *नायब सुब्बा परीक्षा दिग्दर्शन* , रुपन्देही : लुम्बिनी प्रकाशन ।

अधिकारी , विष्णुप्रसाद (२०६६), *अध्यापन अनुमति पत्र दिग्दर्शन* , काठमाडौं : आशिष पुस्तक भण्डार ।

उप्रेती, वासुदेव (२००६), *अतिरिक्त क्रियाकलापमा महिलाको सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

कार्की, हरिबहादुर(२०४७), *स्याङ्जा जिल्लाको पौवे गोडे गा.वि.स.कामी जातिको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोपत्र, त्रि.वि. काठमाडौं ।

काफ्ले , वासुदेव र ढकाल , हेमराज (२०६५) , *शिक्षामा सामाजिक न्याय* , काठमाडौं : सनलाइट पब्लिकेसन ।

किसान, यमबहादुर (२००२) , *नेपालमा जातीय मुक्ति आनदोलन,* काठमाडौं : न्यु प्लाजा, जनउत्थान प्रतिष्ठान (Jup Nepal) ।

कोइराला, विद्यानाथ र श्रेष्ठ , चन्द्रबहादुर (२०५७), *शैक्षिक ब्यवस्थापन र संगठनात्मक ब्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति* , काठमाडौं : जुपिटर पब्लिकेसन एण्ड डिस्ट्रिब्युटर्स ।

खनाल , श्री प्रसाद (२०५९), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं र पब्लिकेसन एण्ड डिस्ट्रिब्युटर्स ।

जिल्ला शिक्षा कार्यालय (२०६६) *, विद्यालय स्तरिय तथ्याङ्क* , चितवन ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) , *अतिरिक्त क्रियाकलाप दिग्दर्शन* , भक्तपुर ।

लम्साल , प्रताप (२०५६) , *बर्दिया जिल्लाका प्राथमिक विद्यालयमा दलित जातिको सहभागिता,* अप्रकाशित शोधपत्र स्नातकोत्तर तह , महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

लाम्गादे, भोजराज (२००४) , *दलित मानव अधिकारको अवस्था र कानुनी अवस्था,* काठमाडौं : जनउत्थान प्रतिष्ठान (Jup Nepal) ।

शर्मा चिरञ्जिवी र निर्मला (२०६६ ), *बाल विकास र सिकाई,* काठमाडौं : राज अपसेट प्रस ।

शिक्षा मन्त्रालय (२०६६), नेपालमा समाहित शिक्षा काठमाडौं ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), *शारीरिक शिक्षा तथा सिर्जनात्मक अभिव्यक्तिशिलकला,* भक्तपुर ।

सुवेदी दामोदर (२०६४), *प्राथमिक शिक्षामा छात्रा सहभागीता : महिला शिक्षकको अभाव,* अप्रकाशित एम.एड. सोधपत्र स्नाकोत्तर तह त्रि.वि.कीर्तिपुर , काठमाडौं ।

सेरीड (१९९६) , *विद्यालयमा छात्रा सहभागिता बढाउन महिला शिक्षकको अनुपातमा गरेको अध्ययन,* काठमाडौं ।

सेरिड (२०६१), *नेपालको प्राथमिक विद्यालयमा सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापका वर्तमान अवस्था : समस्या तथा भविष्य,* काठमाडौं ।

सेरिड (२०६६), *विद्यालय शिक्षामा लैङ्गिक मुद्दा ,* काठमाडौं ।

श्रेष्ठ चन्द्र बहादुर, बस्नेत सम्झना (२०६५) *शैक्षणिक पद्धति,* काठमाडौं : भुडिपुराण प्रकासन ।

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची १

## विद्यार्थीका लागि तयार पारिएको प्रश्नावली

नाम :- कक्षा :-

ठेगाना :- उमेर :-

1. तपाँई कति कक्षामा पढ्नु हुन्छ ?

   ........................................................................................................

2. तपाँईको शैक्षिक अवस्था कस्तो छ ?
3. क) राम्रो ख) मध्यम ग) कमजोर
4. तपाँईलाइ विद्यालयमा खेल खेल्न मन पर्छ कि पर्दैन ?

   क) पर्छ ख) पर्दैन

5. खेल खेल्दा फाइदा/बेफाइदा के हुन्छ , जस्तो लाग्छ ?

   ........................................................................................................

6. तपाँई खेल खेल्नु हुन्छ कि हुदैन ?

   क) खेल्छु ख) खेल्दिन

7. विद्यालयले आयोजना गरेको अतिरिक्त क्रियाकलापमा तपाँईले भाग लिनु हुन्छ कि हुदैंन ?

   क) लिने गर्छु ख) लिने गरेको छैंन

8. लिनु भएको छ भने कुनै पुरस्कार प्राप्त गर्नु भएको छ/छैंन ?

   क) प्राप्त गरेको छु ख) प्राप्त गरेको छैन

9. तपाँईको बिचारमा विद्यार्थीले कक्षा छाड्नुको कारण के होला ?

   ........................................................................................................

10. कक्षा छाड्ने दरमा कमी ल्याउन के गर्नुपर्ला ?

   ........................................................................................................

११. अतिरिक्त क्रियाकलाप र शैक्षिक गुणस्तर बीच सम्बन्ध हुन्छ जस्तो लाग्छ कि लाग्दैन ?

   क) लाग्छ ख) लाग्दैन

१२. अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउँन के उपाय अपनाउन सकिन्छ ?

.....................................................................................................

१३. विशेषतः कस्ता छात्र/छात्रा विद्यालयको कार्यक्रममा भाग लिन चाहदैनन् ?

क) लाज मान्ने ख) पढाइमा तेज भएको ग) टाढाबाट पढ्न आएको

१४. विद्यार्थीको लाज मान्ने बानी हटाउन के गर्नुपर्ला ?

क) समय-समयमा कार्यक्रम गर्ने ।

ख) शिक्षकले यस्ता विद्यार्थीलाइ प्राथमिकता दिइ प्रश्न राख्ने ।

ग) सबैलाइ अनिवार्य कार्यक्रममा संलग्न गराउने ।

१५. तपाँईलाई कक्षाकोठा भित्र शिक्षकले कस्तो ब्यवहार गर्नुहुन्छ ?

क) धेरै राम्रो ख) राम्रो ग) ठिकै

१६. शिक्षकको ब्यवहार शैली कस्तो छ ?

क) निरङ्कुश ख) प्रजातान्त्रिक

१७. शिक्षकले विद्यार्थीलाइ कस्तो रुपमा हेरिदिए हुन्छ जस्तो लाग्छ ?

क) साथीभाइ जस्तो ख) एउटै परिवारको सदस्य जस्तो ग) छोरा/छोरी जस्तो

१८. शिक्षकले कक्षाकोठामा सामाजिक भेदभाव (जात, धर्म, भाषा, शैक्षिकस्तर आदि) गर्नुहुन्छ/हुदैंन ?

क) गर्नुहुन्छ ख) गर्नुहुदैन

१९. शिक्षकको ब्यवहार र विद्यार्थी उपस्थिति बीच सम्बन्ध हुन्छ/हुदैंन जस्तो लाग्छ ?

क) हुन्छ ख) हुदैंन

२०. तपाँइको बिचारमा शिक्षकको कारणले विद्यार्थीले पढाइ छाड्छन् कि छाड्दैंनन् ?

क) छाड्छन् ख) छाड्दैंनन्

२१. तपाँइको बिचारमा शिक्षक के हो ?

क) पथ प्रदर्शक ख) सहजकर्ता ग) अभिभावक

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची २

## अभिभावकको लागि तयार पारिएको प्रश्नावली ।

नाम :- पेशा :-

ठेगानाः- उमेर :-

१. तपाँईको छोरा/छोरी गरी कति छन् ?

क) छोरा .... ख) छोरी.... ग) जम्मा....

२. तपाँइको कति जना सन्तान विद्यालय जान्छन / जादैंनन् ?

क) विद्यालय जाने छोरा....., छोरी.... ख) विद्यालय नजाने छोरा .......छोरी.....

३. विद्यालय जादैनन् भने के कारणले जादैनन् ?

क) शैक्षिक सामग्रीको अभाव ख) शिक्षकको व्यवहार ग) विद्यालयको कडा दण्डनीति

४. विद्यालय गएका सम्पूर्ण वालवालिका माध्यामिक तहसम्म अध्ययन गर्छन् ?

क) गर्छन ख) गर्दैनन्

५. विद्यालय छाड्ने वालवालिका के कारणले कक्षा छाड्छन् ?

क) शिक्षकको निरङ्कुशता ख) भौगोलिक बिकटता ग) साथीभाइहरुको दुर्ब्यवहार

६. विद्यालयका वालवालिकालाइ पढाइको अलवा खेल खेलाउनु हुन्छकी हुदैन ?

क) हुन्छ ख) हुदैन

७. विद्यालय पढाउने ठाउँमात्र हो कि अन्य ब्यवहार पनि सिकाउने ठाउँ हो ?

....................................................................

८. खेल खेलाउदा विद्यार्थीलाइ फाइदा हुन्छ कि हुदैंन ?

क) हुन्छ ख) हुदैंन

९. विद्यालयमा खेल किन खेलाइन्छ ?

क) विद्यार्थीको ध्यान केन्द्रित गर्न ख) शिक्षकलाइ अल्छी लागेर

ग) विद्यार्थी सहभागीता बढाउन

१०. विद्यालयको अतिरिक्त क्रियाकलापमा तपाइको बाबुनानीहरुले भाग लिन्छनकी लिदैनन् ?

क) लिन्छन्                    ख) लिइदैनन्

११.तपाइको बिचारमा अतिरिक्त क्रियाकलापले विद्यार्थीलाइ के फाइदा हुन्छ ?

क) सिकाइ दिगो हुन्छ                ख) पढ्ने बानी हराउछ

ग) शारीरिक तथा मानसिक क्षमताको बिकास गर्छ

१२. तपाइको बिचारमा अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता बढाउन के गर्नुपर्ला ?

.................................................................................

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ३

## शिक्षकका लागि तयार पारिएको प्रश्नावली ।

नाम :- अध्यापन गर्ने

विषय :-

ठेगाना :- योग्यता :-

१.कक्षामा विद्यार्थीको दैनिक उपस्थितिदर कस्तो छ ?

क) राम्रो ख) सन्तोषजनक ग) न्युन

२. कक्षाकार्यमा सबै विद्यार्थी संलग्न हुन्छन्/हुदैनन् ?

क) हुन्छन ख) हुदैनन्

३. विद्यार्थीको टिकाउदर कस्तो छ ?

क) ५० भन्दा कम ख) (५०-७०) सम्म ग) ७० भन्दा माथि

४. विद्यार्थी कक्षा छाड्ने दरको प्रमुख कारण के हुन सक्छन ?

.................................................................

५. छात्र/छात्रा कसको कक्षा छाड्ने दर बढी छ ?

क) छात्रको ख) छात्राको

६. प्रायगरी कुनजातका विद्यार्थीले कक्षा बढि छाड्ने गर्दछन् ?

क) ब्राम्हण ख) क्षेत्री ग) दलित घ) अन्य ........

७. टिकाउदर बढाउन के गर्नुपर्ला ?

.........................................................................

८. अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता कतिको हुन्छन् ?

क) हुन्छन् ख) हुदैनन् ग) ठीकै

९. छात्र/छात्रा कसको संलग्नता बढि हुन्छ ?

क) छात्रको ख) छात्राको

१०. प्रायगरी छात्राहरुले यस्ता कार्यक्रममा भाग लिदैनन् किन होला ?

क) लाज मानेर ख) शारीरिक बनोटका कारण ग) पोशाक नभएर

११. अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउन के गर्नुपर्ला ?

..........................................................................

१२.तपाँइले कक्षामा सबै विद्यार्थीलाइ समान व्यवहार गनु हुन्छ/हुदैन ?

क) गर्छु   ख) गर्दिन

१३. दलित विद्यार्थीले ल्याएको पानी प्रसाद ठानी पिउनुहुन्छ/हुदैन ?

क) पिउछु   ख) पिउदिन

१४. तपाँइको बिचारमा विद्यार्थीको शैक्षिकस्तर खस्कनुको प्रमुख कारण के हो जस्तो लाग्छ ?

क) निरन्तर विद्यार्थी मुल्याङ्कन   ख) स्वतन्त्रता

ग) सरकारी नीति   ग) तालिम अप्राप्त शिक्षक

१५. विद्यार्थीको शैक्षिक स्तर सुधार्न के गर्नुपर्ला ?

क) कडा दण्डनीति ल्याउनुपर्ने  ख) स्वतन्त्र छाड्नुपर्ने  ग) कक्षा चढाउदै लानुपर्ने

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ४

## अध्ययनमा संलग्न विद्यालयहरु

| क.स. | विद्यालयको नाम | शिक्षक संख्या | छात्र संख्या | छात्रा संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १. | श्री च.उ.मा.वि. शक्तिखोर | | | | |
| २. | श्री जनशक्ति.नि.मा.वि. छेपेढाप | | | | |
| ३. | श्री चक्रदेवी नि.मा.वि. गैरीबारी | | | | |
| ४. | श्री कालिका नि.मा.वि. न्युरेनी | | | | |

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ५

## अध्ययनमा संलग्न सहभागीहरु

| क्र.स. | सहभागीको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री भानुभक्त पौडेल | प्र.अ. | चतुर्मुखी उ.मा.वि |
| २. | गोविन्द दाहाल | शिक्षक | चतुर्मुखी उ.मा.वि |
| ३. | विनोद श्रेष्ठ | विद्यार्थी | चतुर्मुखी उ.मा.वि |
| ४. | अनिशा श्रेष्ठ | विद्यार्थी | चतुर्मुखी उ.मा.वि |
| 5 | देवी श्रेष्ठ | विद्यार्थी | चतुर्मुखी उ.मा.वि |
| 6 | सुमित्रा थापा | अभिभावक | चतुर्मुखी उ.मा.वि |
| 7 | गोविन्द श्रेष्ठ | अभिभावक | चतुर्मुखी उ.मा.वि |
| 8 | ताराबहादुर प्रजा | विद्यार्थी | चतुर्मुखी उ.मा.वि |
| 9 | मनोज श्रेष्ठ | विद्यार्थी | चतुर्मुखी उ.मा.वि |

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ६

## अध्ययनमा संलग्न सहभागीहरु

| क्र.स. | सहभागीको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री अम्मर बहादुर पौडेल | प्र.अ. | जनशक्ति नि.मा.वि. |
| २. | सन्ध्या जो.शि. | शिक्षक | जनशक्ति नि.मा.वि. |
| 3 | भूवन थापा | विद्यार्थी | जनशक्ति नि.मा.वि. |
| 4 | दिपा श्रेष्ठ | विद्यार्थी | जनशक्ति नि.मा.वि. |
| 5 | फूलमती प्रर्जा | विद्यार्थी | जनशक्ति नि.मा.वि. |
| 6 | सविना गुरुङ | विद्यार्थी | जनशक्ति नि.मा.वि. |
| 7 | ईन्द्र बहादुर थापा | अभिभावक | जनशक्ति नि.मा.वि. |
| 8 | अम्मर बहादुर खत्री | अभिभावक | जनशक्ति नि.मा.वि. |

## अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ७

## अध्ययनमा संलग्न सहभागीहरु

| क.सं. | सहभागीको नाम | पद | विद्यालय |
|---|---|---|---|
| 1 | रामप्रसाद अधिकारी | प्र.अ. | चक्रदेवी नि.मा.वि |
| 2 | भद्र कुमारी गुरुङ | शिक्षक | चक्रदेवी नि.मा.वि |
| 3 | दण्ड बहादुर गुरुङ | अभिभावक | चक्रदेवी नि.मा.वि |
| 4 | झपन बहादुर गुरुङ | अभिभावक | चक्रदेवी नि.मा.वि |
| 5 | अनिशा गुरुङ | विद्यार्थी | चक्रदेवी नि.मा.वि |
| 6 | अनिल गुरुङ | विद्यार्थी | चक्रदेवी नि.मा.वि |
| 7 | सावित्री गुरुङ | विद्यार्थी | चक्रदेवी नि.मा.वि |
| 8 | सविना वास्तोला | विद्यार्थी | चक्रदेवी नि.मा.वि |

# अतिरिक्त क्रियाकलापमा विद्यार्थी संलग्नता

## अनुसुची ८

## अध्ययनमा संलग्न सहभागीहरु

| क्र.सं. | सहभागीको नाम | पद | विद्यालय |
|---|---|---|---|
| 1 | कृष्ण बहादुर पाण्डे | प्र.अ. | कालिका नि.मा.वि |
| 2 | हरिप्रसाद पौडेल | शिक्षक | कालिका नि.मा.वि |
| 3 | इम प्रसाद अधिकारी | अभिभावक | कालिका नि.मा.वि |
| 4 | भरत ढुङ्गाना | अभिभावक | कालिका नि.मा.वि |
| 5 | अञ्जना अधिकारी | विद्यार्थी | कालिका नि.मा.वि |
| 6 | सुजन थापा | विद्यार्थी | कालिका नि.मा.वि |
| 7 | सरस्वती अधिकारी | विद्यार्थी | कालिका नि.मा.वि |
| 8 | सुजन दवाडी | विद्यार्थी | कालिका नि.मा.वि |